# ब्रोडशिट दैनिकमा एचआइभी र एड्स

सचिन घिमिरे

## परिचय

संसारको अत्यन्त दयनीय स्वास्थ्य व्यवस्था भएका देशहरूमध्ये नेपाल पनि एउटा हो। नेपालको सन्दर्भमा जनतालाई प्रत्याभूति दिलाउनुपर्ने आफ्नो उत्तरदायित्वबाट राज्य निरन्तर पन्छँदै गएको देखिन्छ। "स्वास्थ्यमा गरीब र धनी बीचको खाडल त छँदै छ, एउटै देशभित्र पनि हुने र नहुनेबीच बढ्दै गएको असमानता अझै चिन्ताको विषय बनेको छ। त्यसमाथि विश्वव्यापीकरणको दौडमा प्रतिस्पर्धा गर्न नसकेर किनारा लागेका बहुसङ्ख्यक जनता स्वास्थ्यका सबै अवसरहरूबाट वञ्चित हुँदैछन्" (वन्त २०६२)। राज्यको स्रोत, सुविधा र अन्य स्वास्थ्यसम्बन्धी पूर्वाधारबाट वञ्चित हुनु परेको यथार्थ ठूलो सङ्ख्यामा रहेको मातृ मृत्युदर, बालमृत्युदर, कुपोषण, क्षयरोग, मलेरिया, झाडापखाला, एचआइभी, मानसिक अस्वस्थताहरू र अन्य जीवनयापनसँग जोडिएका रोगहरू, गरिबी, विस्थापन, र जीवनयापनको क्रममा देखा पर्ने अस्तव्यस्तताहरूमा प्रतिविम्बित भइरहेको देखिन्छ।

राज्यको चौथो अङ्गको हैसियत पाएको सञ्चार जगतले नेपालको कहाली लाग्दो स्वास्थ्य व्यवस्थालाई माथि उकास्न स्वास्थ्यसँग सरोकार राख्ने अन्य क्षेत्रसँग निरन्तर हातेमालो गरेर अगाडि बढ्नु जरुरी छ। डा. सुशील कोइराला भन्नुहुन्छ, "कुनै पनि विकासोन्मुख देश जसलाई अशिक्षा र गरिबीले गाँजेको छ,

*मिडिया अध्ययन* ३: ९९-१२९ २०६५

त्यहाँ स्वास्थ्य पत्रकारिताको महत्त्व र भूमिका असाध्यै ठूलो हुन्छ । सहरदेखि सुदूरवर्ती गाउँसम्म, नीतिनिर्माण तहदेखि सीमान्तकृत समुदायसम्म, सेवा-सुविधाको स्तरदेखि त्यसमा आम नागरिकको पहुँचसम्म, कार्यक्रमदेखि त्यसको प्रभाव र परिणामसम्म त्यसको कार्यक्षेत्र फैलिएको हुन्छ" (कोइराला २०६४: १८३) । स्वास्थ्य पत्रकारिताले ध्यान पुऱ्याउनुपर्ने विभिन्न मुद्दाहरू छन् । एचआइभी र एड्स पनि स्वास्थ्य पत्रकारिताले उठाउनुपर्ने एउटा महत्त्वपूर्ण विषयवस्तु हो । विश्वमा विकराल स्वास्थ्य समस्याका रूपमा देखिँदै आएको एचआइभी सङ्क्रमणको बढ्दो गति नेपालको पनि ठूलो चिन्ताको विषय हो । राष्ट्रिय यौन रोग तथा एड्स नियन्त्रण केन्द्रका अनुसार नेपालमा पहिलो पटक एचआइभी भाइरस सन् १९८८ मा देखा परेको हो । सोही स्रोतअनुसार २०६४ कात्तिकसम्ममा सङ्क्रमितहरूको जम्मा सङ्ख्या १०,३६९ रहेको छ । तर युएनएड्सले अक्टोबर २००७ सम्ममा ७०,२५६ जना सङ्क्रमित रहेको तथ्य खुलासा गरेको छ ।[१] व्यावसायिक यौनकर्मीहरूको चौतर्फी उपस्थिति, यौनरोगको उच्चदर, कण्डम प्रयोग गर्ने न्यून चलन, सुईद्वारा लागुपदार्थ लिनेहरूको ठूलो सङ्ख्या, गरिबीको कारणले हुने बसाइँसराइ, महिला बेचबिखन जस्ता आयामहरूले गर्दा नेपालमा एचआइभी सङ्क्रमणको दर बढ्दै गएको मानिन्छ (अमात्य सन् २००५) । यसको नियन्त्रण तथा रोकथाम, सङ्क्रमितहरूको पुनर्स्थापना तथा यसले समाजमा निम्त्याउने बहुआयामिक असरलाई कम गर्नका लागि स्वास्थ्य पत्रकारिताले ठूलो भूमिका खेल्न सक्छ । यसका लागि मिडियाले स्वास्थ्य सन्देशहरू प्रकाशन, प्रसारण गर्नेदेखि यसका विभिन्न पक्षबारेका समाचार सामग्रीलाई स्थान दिएर समाजमा चेतना अभिवृद्धि गराउने र विभिन्न मुद्दाहरू उठाउनेजस्ता भूमिका खेल्न सक्छ ।

नेपाली मिडियामा एचआइभी र एड्सको सवालले स्थान पाउन थालेको लामो समय भएको छैन । अवना वन्तका अनुसार, "सन् १९८१ मा विश्वमा पहिलोपटक एचआइभी/एड्सको पहिचान भएको दुई वर्षपछि नै नेपाली मिडियामा यो रोगबारे आक्कलझुक्कल रिपोर्टिङ हुन थालेको थियो । त्यसपछिका वर्षहरूमा नेपालमा एचआइभी/एड्सको प्रवेशसँगै मिडियामा पनि यसबारेको रिपोर्टिङ तथा लेखहरूमा बिस्तारै वृद्धि हुँदै आएको छ" (वन्त २०६०) । एचआइभी र एड्सका कारण सिर्जित समस्याहरूले गर्दा यो रोगलाई बहुआयामिक प्रकृति भएको विषयका रूपमा ग्रहण गर्न थालिएको छ । दक्षिण अफ्रिकी देशहरूमा यो

---

[१] हेर्नुहोस् www.unaids.org । यो वेबसाइट २०६४ माघतिर हेरिएको हो ।

रोगले निम्त्याएको मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक सङ्कटबाट संसारले पाठ सिकिरहेको छ । यो अनुभवले एचआइभी र एड्सलाई विकास र भूमण्डलीकरणको प्रक्रियासित जोडिनुपर्ने, सामाजिक, आर्थिक संरचनात्मक कारकहरूको खोजी गरिनुपर्ने मत पछिल्लो समयमा सशक्त रूपमा विकास भएर आएको छ । यसका आधारमा निदानात्मक उपायहरूबाट मात्र रोग नियन्त्रण हुन नसक्ने भएकोले रोगतर्फ उन्मुख गराउने कारक तत्त्वहरूको पहिचानमा जोड दिन थालिएको छ । नेपाली मिडियामा पनि यो विषयमा रिपोर्टिङ भएको पाइन्छ । हिजोका दिनसम्म सामान्य घटनाप्रधान रिपोर्टिङ हुने गरेको स्थितिमा अहिले सङ्क्रमितहरूको अधिकार, सामाजिक समस्याहरूसित यसको अन्तर्सम्बन्धलाई मिडियाले उठाउन खोजेको पाइन्छ (सचेत सञ्चार मञ्च २०६३) ।

नेपाली मिडियामा एचआइभी र एड्सले पाएको स्थानबारे खोजी र विश्लेषण गर्नु यो लेखको प्रमुख उद्देश्य हो । परिचय र निष्कर्षबाहेक यो लेखलाई मुख्य तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा विभिन्न किसिमका समाचार, लेख आदि सामग्रीले छापामाध्यममा पाएको स्थानबारे चर्चा गरिएको छ । यहाँ नेपालका ब्रोडशिट दैनिकमा २०६३ कात्तिक र मङ्सिरको अवधिमा सङ्ख्यात्मक रूपमा के कति सामग्री प्रसारण भए भन्ने जानकारी दिइएको छ ।

दोस्रो खण्डमा एचआइभी र एड्ससम्बन्धी विभिन्न सवालहरूमा छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत छापाले के कसरी समाचारहरू सम्प्रेषण गरे भन्नेबारे अन्तर्वस्तु विश्लेषण गरिएको छ । यसमा मुख्य चार ओटा सवाल– जनस्वास्थ्य, अर्थराजनीति, सचेतना र जागरण, तथा विश्व एड्स दिवसका गतिविधिसम्बन्धी सवालहरूको चर्चा गरिएको छ । यसअन्तर्गत पहिलो उपशीर्षकमा एचआइभीलाई जनस्वास्थ्यको सवालको रूपमा मिडियाले हेर्नुपर्दछ भन्ने तर्क गर्न खोजिएको छ । दोस्रोमा सङ्क्रमितको स्वास्थ्यलाई एचआइभीको मुद्दासँग जोडिएको अर्थराजनीतिगत सवालहरूले पार्ने असर र त्यसमा सञ्चार क्षेत्रले खेल्न सक्ने ठोस भूमिकाको बारेमा विश्लेषण गरिएको छ । एड्सबारे जनमानसलाई सचेत र जागरुक गराउने खालका सन्देशमूलक सामग्रीलाई छुट्टै रूपमा तेस्रो उपशीर्षकमा विश्लेषण गरिएको छ । विश्व एड्स दिवसको सन्दर्भ पारेर भएका विभिन्न खालका गतिविधिबारे प्रकाशित सामग्रीलाई चौथो उपशीर्षकमा विश्लेषण गरिएको छ ।

लेखको तेस्रो खण्डमा छापामा प्रकाशित समाचारहरूको विशेषताको चर्चा छ । यसअन्तर्गत समाचारमा सम्प्रेषण हुने एचआइभी सङ्क्रमितको सवालमा छापामा प्रयोग हुने भाषा, सामग्रीको स्रोतको खुलासा गर्नेसम्बन्धमा छापामाध्यमको

चरित्र र समाचारको फलोअपको संस्कृतिबारे फरक फरक उपशीर्षकमा चर्चा छ यसअन्तर्गत पहिलो उपशीर्षकमा छापाले सङ्क्रमितहरूका सन्दर्भमा प्रयोग गरेका भाषा वा शब्दहरूले सङ्क्रमितले अनुभूति गर्नसक्ने हेयभाव वा भेदभाव जस्ता मनोवैज्ञानिक प्रभाव र त्यसप्रति पत्रकार संवेदनशील हुन नसकेको तर्क गरिएको छ। दोस्रो उपशीर्षकमा नेपाली छापामा प्रकाशित तर फलोअप हुन नसकेका सामग्रीहरूबारे विश्लेषण गरिन्छ।

एचआइभी र एड्समा नेपालको छापामाध्यमहरूले देखाएको सक्रियताको विश्लेषणमा यो लेख आधारित छ। सचेत सञ्चार मञ्चले प्रत्येक तीन महिनामा गर्ने गरेको नियमित सञ्चार अनुगमन यस लेखको मुख्य आधार हो। यो विश्लेषण २०६३ कात्तिक र मङ्सिर महिनाका *गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी, हिमालय टाइम्स, अन्नपूर्ण पोष्ट, द काठमाडौं पोष्ट, द हिमालयन टाइम्स* र *द राइजिङ नेपाल* गरी नौ ओटा राष्ट्रिय दैनिकहरूले प्रकाशित गरेका एचआइभीको मुद्दासँग सम्बन्धित सामग्रीहरूमा आधारित छ। नियमित रूपमा हुँदै आएको सञ्चार निगरानीमा एचआइभीसँग जोडिएका थुप्रै पाटाहरूलाई विश्लेषणात्मक ढङ्गले प्रस्तुत गर्ने गरिएको छ। सञ्चार निगरानीबाट आएको निष्कर्ष सवालकेन्द्रित पत्रकारितामा गुणात्मक फड्को मार्नको लागि एउटा महत्त्वपूर्ण सन्दर्भ सामग्री हुन सक्दछ। मङ्सिर महिनामा एड्स दिवस पनि पर्ने भएकोले र अन्य महिनामा भन्दा स्वाभाविक रूपले बढी सामग्रीहरू सम्प्रेषित हुने भएकाले पनि यस महिनाको सान्दर्भिकता बढी छ। यसका साथै क्रमबद्धता मिलाउनको लागि यस अघिको कात्तिक महिना पनि छनोट गरिएको हो। राष्ट्रिय दैनिकहरू निरन्तर सामग्रीहरू सम्प्रेषित गर्ने तथा साप्ताहिक र टेबलोइड पत्रिकामा भन्दा तुलनात्मक रूपले यिनमा बढी सामग्रीहरू सम्प्रेषण हुने हुनाले पनि विश्लेषणको दृष्टिकोणले यी बढी महत्त्वपूर्ण मानिएका हुन्। साथै सचेत सञ्चार मञ्चले गर्दै आएको नियमित सञ्चार निगरानीमा यिनै पत्रिकाहरू समेटिने भएकोले पनि यी पत्रिकाहरू नै यो अध्ययनभित्र पारिएका हुन्।

### *पूर्व अध्ययन र यो अध्ययनको औचित्य*

नेपाली मिडियाले एचआइभी र एड्ससम्बन्धी समाचार सम्प्रेषण गर्न थालेको झण्डै दुई दशक पुगे पनि तिनले एचआइभी र एड्सलाई कसरी ग्रहण गरेका छन् अथवा कसरी प्रस्तुत गरेका छन् भन्ने अध्ययन एकाध मात्र भएका छन्। न त यससँग सम्बन्धित सामाजिक, आर्थिक, राजनीतिक पक्षहरूलाई नेपाली छापाले

कसरी उजागर गरेको छ भनेर नै खोजी गरिएको छ । छापाका एचआइभी तथा एड्ससम्बन्धी प्रस्तुतिका सबल तथा दुर्बल पक्षहरू के के हुन् केलाइएको छैन । यससम्बन्धी मार्टिन चौतारीले प्रकाशित गरेको *मिडियाको चिरफार: केही सामाजिक सन्दर्भ* भन्ने पुस्तकमा पहिलोपटक 'छापामा एचआइभी र एड्सका समाचार' शीर्षकको अनुसन्धानात्मक लेख (वन्त २०६०) प्रकाशित भएको थियो । यसपछि सञ्चारिका समूह, पोलिसी प्रोजेक्ट र राष्ट्रिय यौन रोग नियन्त्रण केन्द्रले सञ्चार अनुगमनसम्बन्धी रिपोर्ट सार्वजनिक गरेको थियो (राणा सन् २००४) । सचेत सञ्चार मञ्चले पनि एचआइभी र एड्सका विषयमा प्रकाशित सामग्रीहरूको गुणात्मक विश्लेषणका आधारमा सञ्चार अनुगमन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । तर सचेत सञ्चार मञ्चबाहेक अन्य संस्थाहरूबाट निरन्तर र नियमितरूपमा यसको अनुगमन गर्ने, सञ्चारकर्मीहरूलाई सूचना, स्रोत र ज्ञानमाथि पहुँच हुनसक्ने वातावरण तयार पार्ने, स्वयं सङ्क्रमितहरूलाई सञ्चारका बारेमा जानकारी दिने जस्ता कामहरू भने हुन सकेका छैनन् (सचेत सञ्चार मञ्च २०६३) ।

अवना वन्त (२०६०) को लेख नेपालमा एचआइभीको मुद्दाले कस्तो आकार ग्रहण गर्दै छ, प्रकाशित भएका रचनाहरूले समाजमा कस्तो प्रभाव पारेको छ, र मिडियाले प्रयोग गर्ने भाषाले सङ्क्रमितहरूको हकमा कस्तो असर पुऱ्याउन सक्छ भन्नेमा केन्द्रित छ । छ ओटा मुलधारे दैनिकमा आधारित भएर वन्तले गर्नुभएको विश्लेषण मुख्य गरेर नेपालमा एचआइभी र एड्सको स्थिति, एचआइभी र एड्स सङ्क्रमण, मेडिकल सवालहरू, नियन्त्रण तथा रोकथामका गतिविधिहरू, देहव्यापार चेलीबेटी बेचविखन र एचआइभी र एड्स, महिला, बालबालिका, बसाइँसराइ र नीतिगत विषयहरूमा केन्द्रित गरिएको छ । समय तालिकाको हिसाबले पनि तीन वर्ष पहिला प्रकाशित लेखमा भाषिक संवेदनाको पाटोलाई उजागर गरिसकेपछि नेपाली सञ्चारकर्मीहरूमा उक्त लेखको प्रभाव परेको वा नपरेको भन्ने विश्लेषण गर्न पनि यो अध्ययन महत्त्वपूर्ण छ । नेपाली छापाहरूले फलोअप गर्ने बानी नबसालेको अवस्थामा यो लेख एक किसिमले वन्तकै लेखको फलोअप हो भन्न सकिन्छ ।

यस लेखको मुख्य जमर्को कार्यनीतिक रूपमा सञ्चारको कमजोरी प्रस्तुत गर्नु र रणनीतिक रूपमा नेपाली सञ्चार जगतलाई कसरी प्रभावकारी बनाउँदै लैजान सकिन्छ भन्ने कोणबाट ठोस उर्जा दिनु हो । आलोचनात्मक अन्तरविषयगत अवधारणा (क्रिटिकल इन्टरडिसिप्लिनरी एप्रोच) को कोणबाट हेरिएको यस लेखमा सञ्चारको सक्रियता, भूमिका र प्रस्तुतिलाई नै अहम् ठानिएको छ ।

अवना वन्त (२०६०) ले छापाले प्रकाशित गरेका सामग्रीहरूको आधारमा एचआइभी मुद्दाको प्रवृत्तिलाई समाजशास्त्रीय दृष्टिकोणबाट चित्रण गर्न खोज्नुभएको छ। तर छापाहरूको कार्यशैली, सम्बन्धित पत्रकारहरूको योग्यता र छापामाध्यमहरूले सम्बन्धित बिट रिपोर्टरहरूलाई दिने प्रशिक्षण र सम्बन्धित रिपोर्टरहरूले देखाउने विषयवस्तु प्रतिको चासोलाई वन्तले उल्लेख गर्नुभएको छैन। छापामाध्यमहरू सम्पूर्ण रूपले सक्षम छन् तर एचआइभीको मुद्दामात्र सही ढङ्गले नउठेको हो कि भन्ने आभास वन्तको लेखमा पाइन्छ। त्यसै गरी, वन्तको लेखमा विशेष रूपले नउठाइएका मुद्दाहरू जस्तैः अर्थराजनीतिगत, हेयभाव भेदभाव, जनस्वास्थ्यको सवाल, एचआइभीको लेखनमा प्रयोग हुने स्रोतहरू, छापा र फलोअपको संस्कृति र क्षेत्रीय रूपमा समाचार सम्प्रेषणसम्बन्धी बुँदाहरूलाई प्राथमिकताका साथ उठाइएको छ। यसको अलावा, नेपालमा एचआइभी र एड्सलाई हेर्ने दृष्टिकोण अत्यन्त सामाजिक न्यूनीकरण (सोसल रिडक्सनिस्ट) हुँदै गएको[२] र 'अब एचआइभी एड्सलाई चिकित्साशास्त्रीय दृष्टिकोणमा मात्र नहेरी' भन्दै एचआइभीको मुद्दासँग जोडिएको चिकित्साशास्त्रीय सवाललाई क्रमिक रूपले ओझेलमा पारिँदै लगेका कारण एचआइभीलाई जनस्वास्थ्यको फराकिलो खाकाबाट[३] विश्लेषण गरी छापाले खेल्न सक्ने ठोस भूमिकाको बारेमा चर्चा गरिएको छ।

सञ्चारिका समूहलगायतले एचआइभी र एड्ससम्बन्धी विद्युतीय तथा छापा दुवै माध्यमहरू समेटेर तयार गरेको पुस्तिका (राणा सन् २००४) अङ्ग्रेजीमा मात्र प्रकाशित गरेर जनस्वास्थ्यको मान्यताको बेवास्ता गरेको छ। जुन समूहहरूलाई लक्षित गरेर स्वास्थ्यसम्बन्धी अनुसन्धान गरिएको छ, त्यो समूहले आफूलाई सहज हुने भाषामा अध्ययन गर्न पाउनु पर्छ। बहुसङ्ख्यक नेपाली एचआइभी सङ्क्रमितहरू अङ्ग्रेजी भाषामा प्रकाशित रिपोर्टहरू अध्ययन गरेर धारणा बनाउन असहज महसुस गर्दछन्। उनीहरू आफ्नो बारेमा गरेको अनुसन्धानबाट भाषिक रूपले बहिष्कृत भएका छन्। यो अङ्ग्रेजी सहज महसुस नगर्ने पत्रकारको हकमा पनि लागू हुन्छ। अर्कातर्फ उक्त पुस्तिकाले तथ्यको विश्लेषणभन्दा पनि निष्कर्षलाई जोड दिएको छ। एचआइभीको मुद्दा सही तरिकाले नउठ्नुमा देशको स्वास्थ्य व्यवस्था, सामाजिक संरचना र सञ्चारको

---

[२] सामाजिक र संरचनागत कारणहरूलाई मात्र प्रधान मान्दै चिकित्साशास्त्रीय कारणहरूलाई क्रमिक रूपले पन्छाउँदै जाने चलन देखिन्छ। अक्सर एचआइभीको मुद्दामा काम गर्नेहरू समाज विज्ञानको पृष्ठभूमिबाट आएकोले यो समस्या देखिएको छ।

[३] एचआइभी र एड्सलाई जनस्वास्थ्यका निरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक गरी चारैकोणबाट हेरिनुपर्दछ भन्ने मान्यता।

भूमिकाबारे यसमा विश्लेषण छैन । सञ्चार क्षेत्रले आफूलाई सच्याउँदै लैजानको लागि थुप्रै सल्लाहहरू पस्किएको भए पनि नेपाली सञ्चारमाध्यमहरूले ती सुझावहरू अझै पनि कार्यान्वयन गर्न नसकेको देखिन्छ ।

पानसले प्रकाशन गरेको *एड्सका बारेमा लेख्ता...* भन्ने पुस्तक (शर्मा २०५५) मा एचआइभी र एड्ससँग जोडिएका नीतिगत र व्यक्तिगत आचरणसम्बन्धी केही पाटाहरूलाई सतही रूपले चर्चा गरिएको छ । छापा तथा अन्य सञ्चारमाध्यमहरूले कुन कोणबाट एचआइभीको मुद्दामा आफूलाई प्रभावकारी तरिकाले प्रस्तुत गर्न सक्दछन् भन्ने कुनै विश्लेषण र सुझाव यसमा राखिएको छैन । यसमा एचआइभीलाई जनस्वास्थ्यको समस्याको रूपमा चित्रण नगरिएको र एचआइभीसँग जोडिएका अर्थराजनीतिगत र सामाजिक सांस्कृतिक पक्षहरूलाई केलाइएको छैन ।

नेपाल प्रेस इन्स्टिच्यूट, युएसएआइडी र पोलिसी प्रोजेक्टले संयुक्त रूपमा *मिडिया सहयोगी पुस्तिका* (नेपाल प्रेस इन्स्टिच्यूट र अरू २०६२) प्रकाशन गरेका छन् । यसमा पनि पानसको पुस्तक (शर्मा २०५५) मा जस्तै छापामाध्यम र यससँग सम्बन्धित पत्रकारहरूलाई सही तरिकाले एचआइभीको मुद्दा उठाउन कस्तो समस्या रहेको छ भन्नेतर्फ केन्द्रित देखिँदैन । यस पुस्तिका पनि भाषाको सही प्रयोगमा मात्र केन्द्रित रहेको र छापा तथा सञ्चारमाध्यमले उठाउन सक्ने अन्य मुद्दाहरूको बारेमा भने केही चर्चा नगरेको देखिन्छ ।[४]

विषयवस्तुको सुक्ष्म विश्लेषण र पूर्वाग्रहरहित दृष्टिकोणले मात्र एचआइभीको मुद्दालाई गुणात्मक उचाइमा पुऱ्याउन सहयोग गर्ने हुनाले यसको विषयगत र बुँदागत रूपले विश्लेषण हुनु जरुरी छ भन्ने लागेर यो अध्ययन गरिएको हो ।

## एचआइभी/एड्ससम्बन्धी सामग्रीको सङ्ख्यात्मक स्थिति

२०६३ कात्तिक र मङ्सिर महिनाको अवधिमा नौ ओटा राष्ट्रिय दैनिकहरूमा समाचार, विचार, लेख, सूचना, फिचर गरेर जम्मा ६७ ओटा सामग्री प्रकाशित

---

[४] दुःख लाग्दो कुरा यस पुस्तकका कतिपय ठाउँमा अवना वन्तको लेखबाट र एचआइभीको मुद्दामा कार्यरत सञ्चारकर्मीहरूको संस्था सचेत सञ्चार मञ्चको अप्रकाशित प्रतिवेदन सञ्चार निगरानीबाट केही हरफहरू हुबहु सारिएका छन् । यस पुस्तकमा प्रकाशित पृ. ५ को पाँचौँ र छैठौँ अनुच्छेदका वाक्यहरू जस्तैः "नेपाली मिडियामा एचआइभी र एड्सको... देखि ...हुन थालेको थियो" (नेपाल प्रेस इन्स्टिच्यूट र अरू २०६२: ५) सम्म र छैठौँ अनुच्छेदको "नेपाली मिडियाले... देखि ...केलाइएको छैन" (नेपाल प्रेस इन्स्टिच्यूट र अरू २०६२: ५) भन्ने वाक्यहरू अवना वन्त (२०६०) बाट हुबहु सारिएका छन् । यस खण्डका अधिकांश वाक्यहरू सचेत सञ्चार मञ्चको नियमित सञ्चार निगरानीबाट सारिएका र सही तरिकाले उद्धृत गर्न कञ्जुस्याइँ गरिएको छ । यसले नेपाली छापा र यससँग सम्बन्धित विश्लेषणात्मक कार्यहरूमा प्राज्ञिक संस्कार नबसेको प्रमाणित हुन्छ ।

भएका देखिन्छन् । यीमध्ये समाचार ४६, विचार लेख ६, फिचर ६, सूचना ४, सम्पादकीय २, फोटो २ (लेखमा राखिएका बाहेक) र सम्पादकलाई चिठी १ प्रकाशित छन् (हेर्नुहोस् तालिका १) ।

**तालिका १: एचआइभी र एड्ससम्बन्धी सामग्रीको सङ्ख्यात्मक स्थिति**

| क्र.सं. | नाम | समाचार | विचार | फिचर | चिठी | सूचना | फोटो | सम्पादकीय |
|---|---|---|---|---|---|---|---|---|
| १. | गोरखापत्र | ५ | ३ | | | | | |
| २. | द राइजिङ नेपाल | ५ | | | | | | २ |
| ३. | कान्तिपुर | ५ | | | | २ | | |
| ४. | द काठमाडौं पोष्ट | ३ | | ३ | १ | १ | २ | |
| ५. | नेपाल समाचारपत्र | ५ | | | | | | |
| ६. | अन्नपूर्ण पोष्ट | ४ | | | | | | |
| ७. | द हिमालयन टाइम्स | ३ | | | | | | |
| ८. | राजधानी | ३ | १ | ३ | | | | |
| ९. | हिमालय टाइम्स | १० | २ | | | १ | | |
| | **जम्मा** | **४६** | **६** | **६** | **१** | **४** | **२** | **२** |

स्रोत: सचेत सञ्चार मञ्च (२०६३) ।

तालिकामा १३ ओटा सामग्रीहरूले प्रस्ट रूपले सङ्क्रमितहरूको हक अधिकारको वकालत गरेका छन् । जम्मा सात ओटा सामग्रीहरू एचआइभीको रोकथामसँग जोडिएका छन् । सङ्क्रमितहरूको उपचार माथिको सहज पहुँचलाई लिएर नै सात ओटा सामग्रीहरू सम्प्रेषण भएका छन् ।

यो दुई महिनाको अवधिमा तीन ओटा एचआइभीसँग सम्बन्धित विचारमूलक लेखको सम्प्रेषण, चार ओटा एचआइभीसँग सम्बन्धित फिचरहरू, एउटा सम्पादकलाई चिठी र जम्मा दुई ओटा सम्पादकीय लेखिएका छन् । विश्व एड्स दिवसको अवसर परेकोले औपचारिकता निभाउनको लागि मात्र सम्पादकीय लेखिएका देखिन्छन् । एचआइभीको गतिविधिहरू कतिसम्म दिवस केन्द्रित छन् भन्ने प्रमाण यी दुई महिनामा प्रकाशित सामग्रीहरूको तुलनात्मक अध्ययनले देखाएको छ । दुई महिनाको अवधिमा एचआइभी र एड्ससँग सम्बन्धित (सामग्रीमा प्रयोग गरिएको बाहेक) जम्मा एउटा मात्र तस्वीर प्रकाशित छ । एचआइभीसम्बन्धी धेरै कम मात्र वैचारिक लेखहरू लेखिएका छन् । यसमा पनि महिला सहभागिता झनै न्यून देखिन्छ ।

दुई महिनाको अवधिमा राष्ट्रिय दैनिकहरूमा प्रकाशित ४६ ओटा समाचारहरूमध्ये २५ ओटा मध्यमाञ्चल (जसमध्ये २४ ओटा राजधानीबाट),

चार ओटा पूर्वाञ्चल, चार ओटा पश्चिमाञ्चल, एउटा मध्यपश्चिमाञ्चल र पाँच ओटा सुदूर पश्चिमाञ्चलको डेटलाइनमा प्रकाशित छन् । यसमध्ये सात ओटा नेपाल बाहिरका समाचारहरू प्रकाशित छन् ।

यसको साथै चिकित्साशास्त्रसँग सम्बन्धित र सङ्क्रमितहरूको सुलभ औषधोपचारसम्बन्धी अत्यन्त कम सामग्रीहरू प्रकाशित छन् । घरेलु हिंसा वा अन्य सामाजिक मुद्दासँग जोडेर एचआइभीको बारेमा लेखहरू अत्यन्त कम लेखिएका छन् । साथै महिला तथा एचआइभी र एड्ससम्बन्धी समाचार पनि अत्यन्त कम छन् । *गोरखापत्र*का कामु प्रधानसम्पादक विजय चालिसे भन्नुहुन्छः

> *गोरखापत्र*को लागि एचआइभीको मुद्दा प्राथमिकताको कुरा होइन । एचआइभीभन्दा झाडापखाला र क्षयरोग जस्ता कारण बढी मान्छेहरूको मृत्यु भइरहेको स्थितिमा त्यता ध्यान जान नसकेको देखिन्छ । हाम्रो जस्तो राष्ट्रिय दैनिकहरूको लागि राजनीतिक मुद्दा नै बढी महत्त्वपूर्ण हुन्छ । यसको बाबजुद पनि हामीले एचआइभीको मुद्दालाई यथाशक्य स्थान दिने गरेका नै छौँ । अन्य छापामाध्यमहरू हामीभन्दा तुलानात्मक रूपले स्वतन्त्र हुने हुनाले पत्रकारहरूको क्षमता हेरेर लिन सक्ने अवस्थामा छन् । यसैले पनि हामी बिट पत्रकारिताको विकासतर्फ प्रशस्त ध्यान दिन सकिरहेका छैनौँ ।[५]

कार्यक्रमको समाप्तिपछि प्रेस विज्ञप्तिमा भर परेर लेखिने समाचारहरूमा कार्यक्रम आयोजकहरूको आवाजलाई फैलाउन मद्दत गर्नु स्वाभाविक हुन जान्छ ।

## सम्प्रेषित समाचार सामग्रीको सवालगत विश्लेषण

### *जनस्वास्थ्यको सवाल*

नेपाल जनस्वास्थ्यको सवालमा अत्यन्त पछाडि रहेको छ । राजनीतिक मुद्दाहरूको तुलनामा जनस्वास्थ्य अत्यन्त न्यून रूपमा सम्प्रेषित हुने गरेको छ । स्वास्थ्यलाई फराकिलो सामाजिक परिप्रेक्ष्यमा नहेरी केवल साँघुरो जीव चिकित्साशास्त्रीय सवालका रूपमा मात्र बुझ्ने र व्याख्या गर्ने कसरतले गर्दा हाम्रो जस्तो गरीब देशमा मात्र होइन विकसित भनिने देशहरूमा समेत एकपछि अर्को भूलहरू भइरहेका छन् (धिताल २०६३) । निदानात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक गरेर जनस्वास्थ्यलाई चार भागमा विभाजन गरिएको छ । नेपालको सन्दर्भमा निदानात्मक पक्षलाई चिकित्साशास्त्रीय सवालको पर्यायवाचीको रूपमा बुझिन्छ । नेपाली छापामाध्यमहरूले

---

५ चालिसेसँग गोरखापत्र संस्थानको कार्यालयमा २०६४ मङ्सिर २६ मा गरिएको कुराकानीमा आधारित ।

निरोधात्मक सवालमा तुलानात्मक रूपले बढी सामग्रीहरू सम्प्रेषण गरे तापनि पुनर्स्थापनाको सवालमा यथेष्ट सामग्रीहरू सम्प्रेषण गरेका छैनन् ।

छनोट गरिएको दुई महिनाको अवधिमा *कान्तिपुर*मा २०६३ मङ्सिर १७ मा प्रकाशित 'एचआइभी सङ्क्रमित दम्पतीबाट स्वस्थ सन्तान', *हिमालय टाइम्स*मा २०६३ मङ्सिर १५ मा प्रकाशित 'एड्स सङ्क्रमितलाई एआरभी सेवा', सोही पत्रिकामा मङ्सिर २७ मा प्रकाशित 'एचआइभी उपचार केन्द्रको स्थापना गरिने', र *अन्नपूर्ण पोष्ट*मा मङ्सिर १४ मा प्रकाशित गरेको 'एचआइभी एड्स सङ्क्रमितलाई डाक्टरको रगत', जस्ता सङ्क्रमितहरूको हकमा उत्प्रेरणाकारी गतिविधिहरू भएका समाचारहरू प्रकाशित छन् । यस्ता समाचारहरू सही परामर्श र सूचना नपाएर आशा गुमाएकाहरूले सङ्क्रमित भएपछि पनि सक्रिय र सम्मानित जीवन व्यतित गर्न सक्दछन् भन्ने सन्देश प्रवाह गर्न सघाउँछ । तर एचआइभी र एड्सको क्षेत्रमा भइरहेका नयाँ नयाँ चिकित्सकीय अनुसन्धान र नयाँ प्रयोगहरूको बारेमा भने छापामा अत्यन्त कम समाचारहरू प्रकाशित भएका छन् । सङ्क्रमित आमाबाबुबाट स्वस्थ बच्चा जन्माउने प्रविधि पिपिटिसिटि (प्रिभेन्सन फ्रम प्यारेन्ट्स टु चाइल्ड ट्रान्समिसन) र सङ्क्रमण भइसकेपछि उमेर लम्ब्याउने मानिएको औषधी एआरभी (एन्टी रेट्रो भाइरल) को बारेमा पनि सञ्चारमा प्रशस्त सामग्रीहरू आएका छैनन् । अभिभावकबाट बच्चामा सङ्क्रमण रोक्नको लागि प्रभावकारी मानिएको पिपिटिसिटि प्रविधि कसरी गरिन्छ ? यससँग जोडिएका सकारात्मक र नकारात्मक पक्षहरू के के छन् ? भन्नेतर्फ छापाले प्रशस्त सामग्री सम्प्रेषण नगरेको देखिन्छ । यसका साथै कार्यस्थलमा स्वास्थ्यकर्मी दुर्घटनावश सङ्क्रमण हुन पुगेमा तथा बलात्कार जस्ता घटनाहरूमा सङ्क्रमणको जोखिम कम गर्न उपयोगी मानिने प्रोफ्याल्याक्सिस (पोस्ट एक्स्पोजर प्रोफ्याल्याक्सिस) औषधीहरूको बारेमा पनि तथ्यपरक र जानकारीमूलक समाचारहरू आएका छैनन् । एचआइभीको सङ्क्रमण भइसकेपछि सङ्क्रमितको हकमा सही मात्रामा प्रयोग गरिने चिकित्साशास्त्रीय समाधानका पाटोहरू र अन्य वैज्ञानिक प्रगतिले मानसिक रूपमा राहत महसुस गराउन सक्दछ । नितान्त चिकित्साशास्त्रीय सवालहरूमा मिडियामा अत्यन्त कम जानकारीमूलक सामग्रीहरू आएका छन् ।

समाचार तथा विचारहरूमा धेरैजसो प्राविधिक शब्दावलीमा त्रुटि देखिएको छ । *राजधानी* दैनिकले २०६३ मङ्सिर १५ मा प्रकाशित गरेको 'एड्स सङ्क्रमणः लक्षण र सुरक्षा' भन्ने सामग्रीमा 'विषाणु' शरीरमा प्रवेश भएको उल्लेख छ । एचआइभीको सङ्क्रमण विषाणुबाट होइन जिवाणुबाट हुन्छ भन्नेतर्फ लेखकले ध्यान नदिएको देखिन्छ । त्यस्तै *द राइजिङ नेपाल*ले २०६३ मङ्सिर २५ मा छापेको

लिङ्गमा भएको छालाको बाहिरी भाग छेदन गर्ने चलनबाट एचआइभीको सङ्क्रमणको दर कम हुने समाचार प्रकाशित गरेको छ । तर सोही समाचारमा विभिन्न विदेशी विशेषज्ञहरूबाट उद्धृत भनाइमा लिङ्गको छाला छेदन गर्ने अभ्यासले एचआइभीको सङ्क्रमणको जोखिमलाई कसैले कम गर्ने वा कसैले नगर्ने भनिएको एकापसमा विरोधभाषपूर्ण विचारहरू राखेर समाचार प्रकाशित भएको छ । विशेषज्ञहरूको बीचमा नै एकमत देखिएको छैन र त्यसलाई पत्रकारले आफ्नो तर्फबाट राम्ररी प्रस्टयाउने प्रयास गरेका छैनन् । दक्षिण अफ्रिकामा भएको प्रथम क्लिनिकल ट्रायलमा[६] ३००० जना पुरुषहरूमा गरिएको जाँचबाट लिङ्गको टुप्पोको छाला छेदन गर्ने चलनले ६० प्रतिशत एचआइभी सङ्क्रमणको जोखिम कम गरेको तथ्य उल्लेख छ । तर सोही समाचारमा उद्धृत गरिएको विशेषज्ञ एन्थोनी फौकीले त्यस्तो चलनले लिङ्गको भित्री भाग खुला हुन पुगी भाइरसलाई लिङ्गको भित्र पट्टिको नरम छाला छेदन गर्न झनै सजिलो हुन्छ भनी बताएका छन् ।

यसै समाचारसँग सम्बन्धित अर्को समाचार २०६४ पुस १३ गते कान्तिपुर पब्लिकेसन्सबाट निस्कने *साप्ताहिक*ले छापेको छ । उक्त समाचारका अनुसार ‘सन् २००६ को अन्तमा अमेरिकाको नेशनल हेल्थ इन्स्टिच्यूटले गरेको दुई ओटा क्लिनिकल परीक्षणबाट लिङ्गको टुप्पोको छाला छेदन गरेका पुरुषहरूमा नाटकीय रूपमा एचआइभी नसरेको देखाएको छ । यस समाचारमा लिङ्गको टुप्पोको छाला छेदन गरेका पुरुषले महिलासँग यौन सम्पर्क गर्दा एचआइभी सर्ने सम्भावना ५१ प्रतिशत कम भएको उल्लेख गरिएको छ । तर सङ्क्रमित पुरुषबाट महिलामा सर्ने प्रतिशतको बारेमा भने समाचारमा केही खुलाइएको छैन । जनस्वास्थ्यको सिद्धान्तअनुसार पनि यदि लिङ्गको छाला छेदन गरिसकेपछि पनि एउटै मात्र सङ्क्रमण भयो भने पनि त्यो शतप्रतिशत जोखिम व्यवहारमा पर्दछ र पूर्ण रूपमा सतर्क हुनुपर्दछ ।[७] यस्तो किसिमको भ्रमपूर्ण समाचारले धार्मिक र सांस्कृतिक मान्यताका कारण लिङ्गको टुप्पोको छाला काट्ने मुख्य गरेर मुस्लिम (यहुदी र अफ्रिकाको केही शास्त्रीय क्रिश्चियन धर्मावलम्बीहरूमा पनि यो चलन भेटिन्छ)[८] धर्मावलम्बी समुदायका पाठकहरूलाई गलत सन्देश प्रवाह गर्न सक्दछ भन्नेबारे मिडिया संवेदनशील नभएको देखिन्छ ।

---

६ चिकित्साशास्त्रका कुनै पनि प्रविधि तथा विधि प्रयोगमा ल्याउनुपूर्व त्यसको प्रभावकारिता र उपयोगिता परीक्षण गरिन्छ, अनि मात्र प्रचलनमा ल्याइन्छ । यसैलाई क्लिनिकल ट्रायल भनिन्छ ।

७ जवाहरलाल नेहरू युनिभर्सिटी, सेन्टर फर साइन्स पोलिसी डिपार्टमेन्टका एचआइभीको भ्याक्सिन अनुसन्धानकर्ता कुन्हाल सिन्हासँग २०६४ पुस ७ मा गरिएको इमेल कुराकानीमा आधारित ।

८ वीकीपेडीया सर्च इन्जिनको आधारमा इन्टरनेटमा फेला परेको तथ्य । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विकासोन्मुख राष्ट्रका ३० प्रतिशत पुरुषहरूले यस विधिलाई अपनाएको देखिन्छ ।

*राजधानी* दैनिकमा २०६३ मङ्सिर ९ मा प्रकाशित 'एड्सबाट एकै परिवारको चार जनाको मृत्यु' र २०६३ मङ्सिर १५ मा *हिमालय टाइम्स*मा प्रकाशित 'एड्सको सङ्क्रमितलाई एआरभी समस्या' जस्ता समाचारहरू चिकित्साशास्त्रीय कोणबाट गलत छन् । एचआइभी भाइरसको सङ्क्रमण हुने र एड्सजन्य रोगको कारण सङ्क्रमितको मृत्यु हुने भएकोले एड्सबाट भन्दा पनि एड्सजन्य रोगबाट मृत्यु भएको भनेर लेख्दा समाचार तथ्यपरक र वैज्ञानिक हुन्थ्यो । शरीरमा आवश्यक प्रतिरोध क्षमता कम हुँदै गएपछि अन्य रोगसँग लड्न नसक्ने अवस्था नै एड्स हो । साथै एड्सजन्य अवस्थामा एआरभी समस्या हुनु पर्नेमा एड्सको सङ्क्रमित लेखिएबाट एड्स एउटा अवस्था हो भन्ने तथ्यमा संवाददाता तथा सम्पादकीय पक्षले बेवास्ता गरेको देखिन्छ । एचआइभीसम्बन्धी बिटका पत्रकारहरूले एचआइभीसँग सम्बन्धित चिकित्साशास्त्रीय अवधारणाहरू पनि अध्ययन गर्ने गरेमा यस्ता गल्तीहरू कम हुँदै जान्छन् ।

एचआइभी सङ्क्रमित भइसकेपछि सङ्क्रमितहरूले अपनाउनुपर्ने निरोधात्मक उपायहरू अत्यन्त कम सम्प्रेषित भएका छन् । मिडियाको आपसी बजार प्रतिस्पर्धा, छिटो डेडलाइन र चिकित्सा क्षेत्रसँग जोडिएको सवाल जटिल भएकोले पनि एचआइभीको मुद्दालाई सहज तरिकाले उठाउन पत्रकारहरूलाई गाह्रो भइरहेको देखिन्छ । प्रयोगशालामा एचआइभीको जाँच गर्दा झुठो पोजेटिभ[९] (फल्स पोजेटिभ) आउन सक्ने सम्भावनाहरू पनि हुन्छन् । चलचित्रमा एचआइभी परीक्षणको नतिजा बताउँदा देखाइने शैली आपत्तिपूर्ण हो जुन एकैपटकको परीक्षणबाट सङ्क्रमित घोषित गरिएको हुन्छ । यसरी सही परामर्श नपुगेको अवस्थामा मानिसले आवेगमा जस्तो सुकै निर्णय पनि लिन सक्दछ भन्नेतर्फ मिडियाले ध्यान नदिएको देखिन्छ । विभिन्न चरणको परीक्षणबाट मात्र एचआइभी पोजेटिभ निश्चित हुने हो, एकपटकको नतिजा शतप्रतिशत विश्वासिलो हुँदैन भन्ने सन्देश छापाले प्रवाह गर्नु महत्त्वपूर्ण हुन्छ । आयुर्वेदिक औषधीहरू एचआइभी उपचारमा सफल छन् भन्दै आम जनमानसलाई भ्रम सिर्जना गर्न सफल कार्यहरूको पर्दाफास हुने गरेर लेखहरू सम्प्रेषित भएका छैनन् । यसरी छापामा चिकित्साशास्त्रीय सवाल धेरै तरिकाहरूबाट छाँयामा परेको देखिन्छ । मिडियाले चिकित्साशास्त्रीय सवालमा उचित मात्रामा ध्यान पुऱ्याउन नसक्नुमा जवाहरलाल नेहरू विश्वविद्यालयका इमिरिट्स प्रोफेसर डा. देववर वनर्जी भन्नुहुन्छः

---

[९] रसायनको खराबी वा अन्य प्रतिरोध प्रणालीका कारण प्रयोगशालामा एचआइभी जाँच गर्दा कहिलेकाहीँ पोजेटिभ आउँदछ जुन वास्तवमा नहुन पनि सक्दछ ।

> मूलधारको मिडियालाई जनताको सवालमा चासो नै हुँदैन र स्थान पनि हुँदैन । त्यसमाथि पनि गरिबी, भोक, रोगका कुराहरू गरेर उनीहरू आफ्नो पत्रिका बेकारमा फाल्न चाहँदैनन् । उनीहरूलाई थाहा छ, गरिबीका, रोगका र भोकका कुरा सम्पन्नले पढ्दैनन् र जसले रोग र भोक व्यहोरिरहेका छन् तिनले पत्रिका किन्दैनन् । जब स्वास्थ्यको सवाल नै मिडियाले टेबल मुनिको बास्केटमा कुहाइदिन्छ भने एचआइभीको सवाल कसरी पो अलग्याउन सकिन्छ र ?[१०]

त्यस्तै, नेपाल मेडिकल कलेजबाट चिकित्साशास्त्रमा स्नातक गर्नुभएका डा. विनोद कँडेल भन्नुहुन्छ, "एचआइभीको मुद्दा चिकित्साशास्त्रीय मुद्दासँग जोडिएको हुनाले र पत्रकारहरूलाई चिकित्साशास्त्रीय सवालमा कम जानकारी हुनाले पनि शब्दावलीमा त्रुटिहरू भेटिन्छन् । फेरि एचआइभीको निदानात्मक उपाय नभएको अवस्थामा निरोधात्मक उपायहरूलाई नै बढी सम्प्रेषण गर्नुपर्ने भएकोले पनि चिकित्साशास्त्रीय पाटोहरू मिडियाले कम ध्यान दिएको हुन सक्दछ ।"[११]

एकातर्फ पूरै स्वास्थ्य व्यवस्थामा चिकित्साशास्त्रका निदानात्मक उपायहरू मात्रै हाबी हुँदै गएको, अर्कोतर्फ चिकित्साशास्त्रीय मुद्दा पनि सही तरिकाले उठ्न नसकिरहेको अप्ठ्यारो स्थिति देखिन्छ । यस अवधिमा प्रकाशित थुप्रै लेखहरूमा चिकित्साशास्त्रीय सवाललाई क्रमिक रूपमा बहिष्कृत गरिँदै लगेको देखिन्छ । वास्तवमा चिकित्साशास्त्रीय समाधानबाट मात्र नहेरी जनस्वास्थ्यको सबै उपायहरूबाट एचआइभीको मुद्दालाई हेरिनुपर्दछ भनिएकोमा यस वाक्यको अपव्याख्या हुने गरेको छ । जसमा सैद्धान्तिक रूपले 'अब एचआइभी र एड्स चिकित्साशास्त्रीय मुद्दा मात्र नभई' भन्दै चिकित्साशास्त्रीय कोणलाई छोड्दै जाने गरिएको छ । यी मान्यताहरूले अप्रत्यक्ष रूपमा चिकित्साशास्त्रीय पाटोमा प्रशस्त काम र उपलब्धि हासिल भइसकेको हो कि भन्ने घुमाउरो किसिमले सन्देश प्रवाह गर्न सक्दछ । व्यावहारिक रूपमा एचआइभीसम्बन्धी काठमाडौँकेन्द्रित अधिकांश छलफल तथा गोष्ठीहरूमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरूको अत्यन्त न्यून उपस्थिति हुने जुन प्रवृत्ति देखा पर्दै गएको छ, यसले अन्तत्वोगत्वा स्वास्थ्यलाई हेर्ने एकीकृत दृष्टिकोणलाई विखण्डन गरी ठाडो दृष्टिकोणलाई अगाडि ल्याउन मद्दत गर्दछ । परिणामतः देशमा उपलब्ध जनशक्तिले आफ्नो विषयमा कहिल्यै पनि सन्तोषजनक नतिजा पाउन सक्दैन । यसै सन्दर्भमा क्रिमिया स्टेट

---

[१०] सेन्टर फर सोसियल मेडिसिन र कम्युनिटी हेल्थ, जवाहरलाल नेहरू विश्वविद्यालयमा डा. देववर वनर्जीले दिनुभएको २०६४ पुस २६ को भिजिटिङ लेक्चरमा आधारित ।

[११] डा. कँडेलसँग गरिएको कुराकानीमा आधारित ।

युनिभर्सिटी युक्रेनमा अध्ययन गरेका डा. हेमन्त ओझा भन्नुहुन्छ, "चिकित्साशास्त्रमा एचआइभीको मुद्दालाई प्राविधिक कोणबाट अध्यापन गराइने र पटकपटक प्रशस्त तालिमहरू नहुने अनि तालिम तथा गोष्ठीहरूमा एनजीओकर्मीहरूको बोलवाला हुने, स्वास्थ्यकर्मीहरू व्यस्तताले गर्दा विचार गोष्ठीहरूमा सहभागी नहुने कारणले गर्दा पनि एचआइभीको मुद्दामा उठेका नयाँ अवधारणाहरू थाहा नपाउनुलाई अचम्म मान्नु पर्दैन" (घिमिरे २०६३: ३८ मा उद्धृत)। यस भनाइलाई आधार मान्ने हो भने चिकित्सकहरूले एचआइभीसँग जोडिएर उठिरहेका सामाजिक, राजनीतिक, अर्थराजनीतिगत र अन्य पाटोहरू थाहा नपाउने स्थिति छ र एचआइभीको मुद्दाका लागि बराबर रूपमा हिस्सेदार महत्त्वपूर्ण समूहहरू बीच समन्वय छैन भन्ने स्पष्ट देखिन्छ। सामाजिक अभियानकर्ता र स्वास्थ्यकर्मीहरू बीचको दूरीलाई कम गर्न छापामाध्यमको भूमिका अहम् हुन सक्दछ।

### *अर्थराजनीतिक सवाल*

राज्यले अवलम्बन गर्ने स्वास्थ्य नीति, विश्वव्यापीकरण र खुला बजारले गर्दा आम जनताले राज्यको स्रोतमाथि सहज पहुँच बनाउन नसक्ने अवस्था र उदारीकरण र निजीकरणको नाममा आधारभूत सुविधाहरूमा निश्चित तप्काहरूको एकाधिकारले गर्दा सङ्क्रमितहरूले सर्वसुलभ रूपमा स्वास्थ्य उपचारको सेवा पाउनबाट वञ्चित हुँदै गएका छन्। केही अघिको तथ्याङ्कलाई हेर्दा १८० ओटा गैरसरकारी संस्थाहरू एचआइभीको मुद्दामा काम गर्न जागरुक रहेका देखिन्छन् (पिग सन् २००२)। ती सबै गैरसरकारी संस्थाहरू निःस्वार्थ रूपले सेवाको भावना मात्रै बोकेर एचआइभीमा काम गर्न जागरुक भएका हुन् भन्ने विश्लेषण धेरै अर्थबाट अपूरो सुनिन्छ। सचेत सञ्चार मञ्चको प्रतिवेदनमा भनिए झैँ:

> एचआइभी र एड्स अहिलेको विश्वको प्रमुख चासोको विषय हो। विश्व अर्थतन्त्रमा बजार कब्जाको रणनीतिअन्तर्गत यो मुद्दामाथि चर्को विवाद देखिन्छ। विकसित राष्ट्रहरूले यसलाई आर्थिक लाभको विषय बनाएका छन्। त्यसैले राजनीतिक अर्थशास्त्रको मुख्य विषय एचआइभी र एड्स बनेको छ। विश्वको प्रत्येक घटना तथा मुद्दाहरूलाई सम्बन्धित सरोकारवालाहरूमा निहित अर्थराजनीतिक स्वार्थले ठूलो मात्रामा प्रभावित बनाइरहेको हुन्छ (सचेत सञ्चार मञ्च २०६३)।

'साढे चार अर्बको योजना अस्वीकृत', 'एचआइभी र एड्स विरुद्ध जापानी सहयोग', 'एचआइभीविरुद्ध अभियानमा २ करोड ५० लाख डलरको आर्थिक

सहयोग', 'गोदावरीमा एड्स दिवसमा मोजमस्ती' जस्ता आर्थिक विषयहरू छापामा आएका छन् । एचआइभी रोकथामको लागि भनेर दाताबाट आएको सहयोग रकमको सदुपयोग भए नभएकोबारे पत्रकारको ध्यान पुग्नु सन्तोषजनक पक्ष हो । यसले गर्दा एचआइभी रोकथाम र उपचारको नाममा भइरहेको राजनीतिको बारेमा सबैलाई अवगत हुन्छ तर यस्ता समाचारहरूमा पर्याप्त गृहकार्य र खोजी भने हुन सकेको देखिँदैन । 'साढे चार अर्बको योजना अस्वीकृत' भन्ने शीर्षकमा *नेपाल समाचारपत्र*मा २०६३ कात्तिक २९ गते प्रकाशित समाचारमा नेपाल सरकारले ग्लोबल फण्ड (विश्वकोष) सँग प्रस्ताव गरेको रकम अस्वीकृत हुनुमा फेमिली हेल्थ इन्टरनेशनलको 'शङ्कास्पद मिलेमतो' भनेर लेखिएको छ (रेग्मी २०६३) । मिडियामा अमूर्त भाषाहरूको प्रयोगले सञ्चारमाध्यम माथिको विश्वसनीयता कम हुन गई विषयवस्तुको चुरो आम पाठकले थाहा पाउँदैनन् । 'शङ्कास्पद मिलेमतो' भनेको के हो र त्यस्तो गतिविधि कसरी सम्भव भयो भन्नेबारे स्पष्ट नखुलाइनु र पछि यस अवधिसम्ममा फलोअप नहुनुले समाचार नियोजित हो भन्ने भ्रम छरिन सक्दछ । साथै 'एड्स प्रमुखको द्वैध भूमिका' भन्ने शब्दको प्रयोगले के कति कारणले द्वैध भूमिका आपत्तिजनक हो भन्ने खुलासा नगरिएको र यससँग जोडिएको कानूनी र नीतिगत प्रश्नको पनि उठान नगरेको देखिन्छ । सीसीएम (कन्ट्री कोअर्डिनेशन मेकानिज्म) भनेको के हो समेत नलेखी सीसीएमको भूमिकाको बारेमा चर्चा गरिएको छ । यस समाचारलाई जटील तरिकाले प्रस्तुत गरिएको छ । सम्बन्धित विषयका व्यक्तिलाई बाहेक आम पाठकहरूलाई समाचार सहजै बुझ्न गाह्रो पर्दछ (समाचारका लागि हेर्नुहोस् बक्स) ।

*एड्स कार्यक्रम प्रमुख र एफएचआईको मिलेमतो*

**साढे चार अर्बको योजना अस्वीकृत**

- निमेष रेग्मी

  काठमाडौँ

नेपालको एड्स कार्यक्रम प्रमुख र नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्था फेमिली हेल्थ इन्टरनेसनल (एफएचआई) ले शङ्कास्पद रूपमा मिलेमतो देखाएपछि तीन प्रमुख सरुवा रोग नियन्त्रण निम्ति नेपाल सरकारले विश्वकोषसमक्ष पेस गरेको ४ अर्ब ४० करोड (६ करोड २८ लाख अमेरिकी डलर) को प्रस्तावलाई कोषले ठाडै अस्वीकृत गरिदिएको छ ।

प्रमुख तीन रोगहरू एचआइभी/एड्स, औलो र क्षयरोग नियन्त्रण परियोजना सञ्चालन गर्न ५ वर्षका लागि सरकारले केही महिनाअघि कोषसमक्ष प्रस्ताव पठाएको थियो । नेपालजस्ता

विकासोन्मुख मुलुकमा यस्तो कार्यक्रमलाई अर्बौं डलर दिँदै आएको कोषको ग्वाटेमाला सिटीमा कात्तिक १७ मा सम्पन्न बोर्ड बैठकले दुई फरक प्रस्ताव परेको र एड्स कार्यक्रम प्रमुखको द्वैध भूमिकालाई कारण मान्दै नेपालको प्रस्ताव अस्वीकृत गरेको हो ।

सात ओटा विकसित मुलुकले गरीब मुलुकलाई रोगविरुद्ध लड्न रकमको अभाव नहोस् भनी ५ वर्षअघि जापानमा भएको सम्मेलनमा कोष खडा भएको घोषणा गरेका थिए । कोषले १ सय ३६ मुलुकका सयौँ परियोजनामा अर्बौं डलर अनुदान दिइसकेको छ । ग्वाटेमालामा सम्पन्न बैठकले पनि विश्वका ८५ ओटा नयाँ परियोजनाका लागि ८४ करोड ६० लाख डलर दिने निर्णय गरेको छ । यसपटक दक्षिण एसियाबाट माल्दिभ्स र भुटानले पनि ठूलो रकम पाएका छन् । छैटौँ चरणको अनुदान निर्णयमा कोषले नेपाल सरकार र एफएचआईको प्रस्तावलाई क्रमशः 'ग' र 'घ' श्रेणीमा राख्दै अस्वीकृत भएको सूचना दिएको छ ।

कोषको नियमअनुसार 'ग' श्रेणीको प्रस्तावका बारे पुनः विचार गर्न २९ दिनभित्र अपिल गर्न सकिन्छ तर 'घ' श्रेणीको प्रस्तावका लागि अपिल गर्न सकिँदैन ।

नेपालजस्ता मुलुकको स्वास्थ्य बजेटलाई हल्लाउने गरी अनुदान दिन सक्ने कोषको रकम सरकारले गठन गर्ने सर्वपक्षीय संयन्त्र (कन्ट्री कोअर्डिनेसन मेकानिज्म, सीसीएम) को सिफारिसमा प्राप्त परियोजनामा प्रदान गरिन्छ । सीसीएमले तोकेको संस्थालाई कोषले एकमुष्ट अनुदान दिन्छ । त्यहीअनुरूप यसपटक स्वास्थ्य सचिव रामचन्द्रमान सिंहको अध्यक्षतामा रहेको सीसीएमले नेपालको रकम लिने संस्थाको रूपमा एफएचआईलाई तोकेको थियो ।

तर नेपाल सरकारकै प्रस्तावनामा उल्लिखित ४ अर्ब ४० करोड रकम प्राप्त गर्ने अख्तियारी पाएको एफएचआईले नेपाल सरकारको प्रस्तावलाई उल्टै चुनौती दिँदै छुट्टै परियोजना प्रस्ताव कोषमा पठाएपछि राष्ट्रले यति ठूलो रकम गुमाउनुपरेको विश्वकोषले पठाएको जवाफमै उल्लेख छ ।

नियमअनुसार कुनै मुलुकमा सीसीएम क्रियाशील छँदाछँदै गैरसरकारी संस्थाले सीसीएमबाट अनुमोदन नगरी प्रस्तावना पठाउन मिल्दैन । कसैले त्यस्तो प्रस्ताव पठाएमा त्यो अस्वीकृत हुन्छ । तर यसपटक एफएचआईले सीसीएमको अनुमतिविना सरकारले प्रस्ताव गरेजस्तो कार्यक्रम राखेर समानान्तर प्रस्ताव दर्ता गराएको थियो । 'सीसीएमबाट सरकारले पाउने सबै अनुदान ग्रहणकर्ताको मान्यता पाएको संस्थाले यस्तो अन्तर्घात गर्नु लज्जास्पद घटना हो' -सीसीएमका एक सदस्यको भनाइ थियो ।

अर्कोतिर सरकारका लागि आफैँले प्रस्ताव तयार गरेर पठाएका राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. श्यामसुन्दर मिश्रले सरकारले पाउने रकम बुझ्ने जिम्मेवारी पाएर पनि समानान्तर प्रस्ताव पठाएको एफएचआईको प्रस्तावलाई सिफारिस गरेका हुन् । उनले जुलाई १९, २००६ मा एफएचआईको प्रस्तावलाई गरेको सिफारिसको प्रति *नेपाल समाचारपत्र*सँग सुरक्षित छ । निर्देशक डा. मिश्रको पत्रमा एफएचआईलाई छुट्टै परियोजना दिन सिफारिस गरिएको छ ।

सीसीएम सक्रिय रहेको र त्यसले अनुमोदन गरी सरकारी प्रस्ताव पठाएको अवस्थामा गैरसरकारी संस्थाले सीसीएमको अनुमोदनविना नै अर्को प्रस्ताव दर्ता गर्ने र त्यसमा पनि सीसीएमका मुख्य अधिकारीको सिफारिस भेटिएपछि विश्वकोषका अधिकारी जिल्ल परेका थिए । राष्ट्रिय एड्स केन्द्रका निर्देशक डा. मिश्र सीसीएममा मुख्य भूमिकामै रहनुभएको छ ।

'डा. मिश्रले एफएचआईबाट राम्रै मुनाफा लिनुभएको छ, नत्र यति ठूलो हानि हुने गरी उहाँले किन काम गर्नुभयो, उहाँलाई तत्काल निलम्बन गरी जाँचबुझ गरिनुपर्छ' - सीसीएमका एक वरिष्ठ सदस्यले *नेपाल समाचारपत्र*सँग भने । परियोजना नेपालले हात लगाउन नसक्नुमा अर्कै कारण रहेको दाबी डा. मिश्रले गर्नुभयो ।

उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'एड्स नियन्त्रणका लागि मन्त्रालयको राजनीतिक प्रतिबद्धताबाट दाता खुसी छैनन्, हाम्रो कामबाट पनि उनीहरूलाई चित्त बुझेन, त्यसैले रकम आएन ।' सीसीएमले अनुमोदन नै नगरेको परियोजनाका लागि एफएचआईलाई किन सिफारिस गर्नुभयो भन्ने प्रश्नमा उहाँले सुरुमा त्यस्तो सिफारिस नगरेको दाबी गर्नुभयो । पत्र पढेर सुनाएपछि उहाँले टेलिफोनमा भन्नुभयो, 'त्यो चिठी त मैले सीसीएमले एफएचआईलाई कन्ट्री बजेट ग्रहणकर्ता बनाउनुभन्दा अगावै दिएको हुँ ।'

एफएचआईले समानान्तर प्रस्ताव लैजान्छ भन्ने थाहा हुँदाहुँदै सीसीएमले नेपालले प्राप्त गर्ने अनुदान त्यही संस्थामार्फत आउने गरी निर्णय किन गऱ्यो ? अहिले स्वास्थ्य मन्त्रालयभित्र यो मुद्दा भुसको आगो झैँ सल्किँदै छ । यसमा धेरै जनाको मिलेमतो हुन सक्ने अनुमान एक उच्च अधिकारीले गरेका छन् ।

नेपाल सरकारले विश्वकोषमा प्रस्तुत गरेको प्रस्तावमा ५ वर्षका लागि एड्स कार्यक्रमअन्तर्गत २ करोड ९० लाख ३४ हजार १ सय ८३ डलर, क्षयरोगका लागि १ करोड ५९ लाख ६१ हजार ६० डलर र औलोका लागि १ करोड ७८ लाख ६३ हजार ९ सय ९२ अमेरिकी डलर माग गरिएको थियो ।

सीसीएमका एक सदस्यले परियोजना स्वीकृत नहुनुको कारण विश्वकोषसँग माग गर्दा कोषले सातबुँदे जवाफ दिएको छ । त्यसको प्रमुख बुँदा निर्देशक डा. मिश्र र एफएचआईको शङ्कास्पद भूमिका देखिएकोले विश्वास गर्न कठिन भएको उल्लेख छ ।

कोषले यसअघि सन् २००३ अगस्टमा नेपालको एड्स कार्यक्रमका लागि ठूलो अनुदान राशि स्वीकृत गरेको थियो । नेपालजस्ता मुलुकले कोषबाट रकम पाऊन् भनेर प्रस्तावना लेखनबारे कोषले नेपाली विशेषज्ञलाई भारतको नयाँदिल्ली बोलाएर तालिमसमेत दिएको थियो ।

स्रोतः रेग्मी (२०६३) ।

*नेपाल समाचारपत्र*ले २०६३ मङ्सिर १६ गते प्रथम पृष्ठमा 'गोदावरीमा एड्स दिवसको मोजमस्ती' भन्ने समाचार मुख्य समाचार बनाई प्रकाशित गरेको छ । यो समाचार सकारात्मक छ, किनभने राज्यमा द्वन्द्वको कारण स्रोतको

अभाव भइरहेको अवस्थामा सङ्क्रमितहरूको नाममा आएको रकम होटलमा बसेर सक्नेहरूको नाम यस समाचारले पर्दाफास गरेको छ । तर यो अवधिमा एड्सको अर्थराजनीतिक सवालमा यो बाहेक अन्य समाचार प्रकाशित भएको पाइँदैन । एचआइभी र एड्सलाई हेर्ने छापाको परम्परागत दृष्टिकोणले गर्दा सतही प्रभावहरूको मात्र रिपोर्टिङ गर्ने र मुद्दालाई धेरै कोणबाट प्रभावित बनाउने अर्थराजनीतिक कारणहरू पहिल्याउन जोड नदिने देखिन्छ । *गोरखापत्र*ले २०६३ मङ्सिर २ गते छापेको 'एचआइभी र एड्स विरुद्ध जापानी सहयोग' भन्ने समाचारमा एचआइभी र एड्सको लागि दिइएको जापानी सहयोगको ठोस रूपमा कार्यान्वयन भएको छ वा छैन र वर्तमान अवस्थामा समेत उक्त बजेटको कार्यान्वयनको बारेमा के भइरहेछ भन्नेतर्फ कुनै जानकारी दिइएको छैन । यसले गर्दा सञ्चारलाई भनिने 'वाच डग' को संज्ञाबाट विमुख हुँदै जान्छ ।

सम्बन्धित निकायहरूलाई उत्तरदायी बनाउन र सङ्क्रमितहरूको नाममा आएको सहयोगले सङ्क्रमितहरूलाई नै राहत पुऱ्याउन सञ्चार सक्रियताले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । २०६३ कात्तिक १४ मा *द राइजिङ नेपाल*मा प्रकाशित सम्पादकीयको अन्तिम वाक्यमा, 'एचआइभी र एड्सको क्षेत्रमा सङ्क्रमितहरूको लागि थोरै सङ्ख्यामा सङ्घसंस्थाहरू कार्यरत रहिरहेको स्थितिमा, त्यस्ता सङ्घसंस्थाहरूको लागि आवश्यक सहयोग उपलब्ध हुनु जरुरी छ' भनी लेखिएको छ । अमूर्त तरिकाले प्रयोग गरिएको यस वाक्यमा त्यस्ता सङ्घसंस्थाहरू भनेको को हुन् भन्ने खुलाइएको छैन । राज्यनियन्त्रित छापा भएर पनि राज्यलाई एचआइभी तथा जनस्वास्थ्यको क्षेत्रमा गहन जिम्मेवारी महसुस गराउनको लागि सम्पादकीय कलम उद्वेलित देखिँदैन ।

### *सचेतना र जागरण*

*हिमालय टाइम्स*ले २०६३ कात्तिक २८ मा प्रकाशन गरेको 'सप्तरीमा एड्स', *कान्तिपुर*ले २०६३ मङ्सिर ६ मा छापेको 'एचआइभी सङ्क्रमितको सङ्ख्यामा वृद्धि', *हिमालय टाइम्स*ले २०६३ मङ्सिर २ गते छापेको 'एड्सले भताभुङ्ग पारेको जिन्दगी', त्यस्तै मङ्सिर ६ मा नै *राजधानी*ले प्रकाशित गरेको 'विश्वमा झण्डै चार करोड मानिस एचआइभी सङ्क्रमित', सोही पत्रिकाले २०६३ मङ्सिर २९ मा प्रकाशित गरेको 'जोखिममा प्रयोगशालाकर्मी', *द राइजिङ नेपाल*ले २०६३ मङ्सिर ७ मा छापेका १९ प्रतिशत गृहिणीहरूमा एचआइभीको सङ्क्रमण', साथै २०६३ मङ्सिर ८ मा *द हिमालयन टाइम्स*ले प्रकाशित गरेको 'समलिङ्गीहरूमा सङ्क्रमणको दर बढ्दो' जस्ता समाचारहरूले एचआइभीको बढ्दो सङ्क्रमण र

नयाँ नयाँ जोखिम क्षेत्रहरूको बारेमा जानकारी दिनुको साथै सङ्क्रमण कुन दरले फैलिँदै छ भन्ने पनि सूचना दिएका छन् ।

सङ्क्रमितहरूलाई नै केन्द्रमा राखेर गरिने थुप्रै सकारात्मक र आशावादी क्रियाकलापहरूले सङ्क्रमितलाई आफ्नो हकअधिकारको सुनिश्चितताको लागि ठूलो सहयोग पुऱ्याएको छ । 'व्यवस्थित परिवारको लागि साधन', 'एड्सविरुद्ध अभियानमा हाइवे क्वीन जुट्न थाले', 'एड्स न्यूनीकरणका लागि राज्य गम्भीर', 'यौन क्रियाकलापमा बढी केन्द्रित भएको कारण भारतको एड्स विरुद्धको अभियान विफल', 'एचआइभी सङ्क्रमितहरू एड्स विरुद्धको अभियानमा खुलेर लाग्न थाले, 'बसाइँसराइले एचआइभीको जोखिमलाई बढाउँदैछ', 'एड्स भनेको कण्डम बेच्ने विधि हो भन्ने लाग्दथ्यो', 'असुरक्षित यौन सम्बन्ध नराख्न विदेशिएका पतिहरूलाई पत्नीको आग्रह', 'राजमार्गमा यौनकर्मी महिलाहरू घटे' जस्ता समाचार तथा विचार लेखहरूमार्फत एचआइभी र एड्ससँग सम्बन्धित जनचेतना जगाउने र आम मानिसहरूलाई यसबाट सिर्जना हुन सक्ने नकारात्मक नतिजाको बारेमा अवगत गराउने काम भएको छ ।

यस्तो किसिमको समाचारहरूले एचआइभीले निम्त्याउन सक्ने नकारात्मक परिणामको बारेमा आम मानिसलाई सुसूचित गराउनेदेखि लिएर सामाजिक अभियानकर्ता र अनुसन्धाताहरूलाई पनि नयाँ नयाँ किसिमका तथ्यहरूबारे अवगत गराउँदछ । यसको साथै सङ्क्रमितहरूको हक अधिकारको र विभिन्न शैली प्रस्तुत गर्ने उद्देश्यले सम्प्रेषित समाचारहरू जस्तै 'एचआइभी सङ्क्रमितको अभियानमा जोन', 'एचआइभी सङ्क्रमितहरूप्रतिको भेदभाव अन्त्य गर्नको लागि म्यूजिक भिडियो', 'नाटक देखाउँदै एचआइभी सङ्क्रमित', 'एचआइभी एड्सको रोकथामको लागि कैदीमाझ विभिन्न कार्यक्रम पुऱ्याउने' जस्ता समाचारहरूले एचआइभी र एड्स र जनचेतनासम्बन्धी सवालहरू प्रतिविम्बित गर्दै आएका छन् । यस्ता समाचारहरूले एचआइभीसम्बन्धी अभियानकर्ताहरूले सचेतना तथा जागरणको लागि विभिन्न किसिमका शैली तथा साधनहरू प्रयोग गर्न सकिन्छ भन्ने सन्देश दिएका छन् । एचआइभी र एड्सको मुद्दामा नेपालमा र मुख्य रूपले राजधानीमा भइरहेका थुप्रै कार्यक्रमहरूमा आधारित समाचारहरू लेखिए पनि अन्तर्राष्ट्रिय क्षेत्रमा एचआइभीमा भइरहेको अभियान, कानूनी र नीतिगत सवालहरू, भ्याक्सिन परीक्षणसम्बन्धी गतिविधिहरू, औषधीको अर्थराजनीतिहरू, खाद्य सुरक्षा र पौष्टिक आहारको उपलब्धता, सञ्चार र स्वास्थ्यकर्मीहरूले जान्नुपर्ने पत्रकारिता तथा चिकित्सकीय कानूनसम्बन्धी आचरणबारे अत्यन्त कम सामग्रीहरू प्रकाशित भएका छन् । यसले गर्दा

आमपाठकहरूलाई संसारका अन्य देशहरूमा एचआइभी विरुद्ध सङ्क्रमितहरू तथा अभियानकर्ताहरूले कस्ता गतिविधिहरू सञ्चालन गरिरहेका छन् भन्नेतर्फ अत्यन्त कम सूचनाहरू अवगत हुन्छ ।

दाताहरू तथा गैरसरकारी संस्थाहरूको चासो नेपालको समग्र स्वास्थ्य व्यवस्था राम्रो होस् भन्नेतर्फ केन्द्रित हुँदैन । एचआइभीको मुद्दालाई मात्र अंशमा उठाएर समग्र स्वास्थ्य व्यवस्थाको आमूल परिवर्तनको प्रश्नलाई सधैँ ओझेलमा पारिरहेको देखिन्छ । देशको समग्र स्वास्थ्य व्यवस्था भने दया लाग्दो अवस्थाबाट गुज्रिरहँदा केवल एचआइभीसम्बन्धी स्वास्थ्य समस्या राम्रो बनाउने कोसिस आफैँमा अवैज्ञानिक देखिँदै आएको छ। जस्तैः सन् २००६ को विश्व एड्स दिवसको अवसरमा छनोटमा परेका राष्ट्रिय दैनिकहरूले प्रकाशित गरेका शुभकामना सन्देशहरूमा 'एड्स रोक्ने बाचा पूरा गरौँ' भन्ने नाराहरू लेखिएका छन् । राज्यमा विद्यमान सामाजिक, आर्थिक असमानताहरूको प्रश्न यथावत नै राखेर केवल व्यक्तिको बानी परिवर्तन गरेर मात्र एचआइभीको समस्याले निकास पाउने सम्भावना देखिँदैन ।

एचआइभीको मुद्दामा प्रकाशित अन्य सामग्रीहरूमा जस्तै भौतिक असमानता नभएका देशहरूमा प्रादुर्भाव भएका एचआइभी रोकथामका एबीसी जस्ता मोडेल[१२] लाई हुबहु लागू गर्न खोजिएको देखिन्छ । नेपाल जस्तो देशको सन्दर्भमा उक्त मोडेल उपयुक्त हुन्छ कि हुँदैन भन्नेतर्फ ध्यान नदिई व्यक्तिको बानी व्यहोरा परिवर्तन गरेपछि सबै समस्याको समाधान हुन्छ भन्ने व्यवहारिक मोडेलहरूको एजेण्डा लिएर दाताहरू अगाडि बढेका देखिन्छन् । यस सम्बन्धमा साइमन फ्रेजर विश्वविद्यालय, क्यानाडाकी चिकित्सा मानवशास्त्री स्टेसी लेइग पिग भन्नुहुन्छः

> सन् १९९० ताका एबीसी मोडेलमा भएका कामहरू युएनएड्सको प्रभावमा युगाण्डामा पनि प्रयोग गरिएको थियो । दाता र विकासे राजनीतिको कारण एचआइभीलाई संरचनासँग जोडर हेर्ने भन्दा पनि व्यक्तिको बानी व्यहोरामा केन्द्रित गरेर हेर्ने दृष्टिकोण हाबी हुदै गएको देखिन्छ ।[१३]

---

[१२] ए-एब्स्टिनेन्स अर्थात् निषेध; बी-बी फेथफुल अर्थात् इमानदार बन, सी- कन्डम । अर्थात् पहिला सकेसम्म यौन निषेध गर, यौनसम्पर्क गरे पनि एक जना सँगमात्र गर अनि यौन सम्पर्क गर्दा कण्डम लगाउन नबिर्स भन्ने सन्देश प्रवाह गर्ने मोडेल ।

[१३] पिगसँग २०६३ फागुन १७ मा गरिएको इमेल कुराकानीमा आधारित ।

यो एबीसी मोडेल नेपालको परिप्रेक्ष्यमा सतही रूपले हेर्दा ठीक जस्तो लागे पनि सामाजिक संरचनासँग जोडेर हेर्दा त्रुटिपूर्ण देखिन्छ । कण्डमको बिक्री प्रवर्द्धनको वाहकको रूपमा कण्डम उत्पादकहरूको अर्थराजनीतिगत स्वार्थ पूरा गर्न यो मोडेल निकै सक्षम भएको देखिन्छ । यस मोडेलमा उजागर गर्न खोजेको बाहेक अन्य थुप्रै तरिकाले एचआइभी सङ्क्रमण हुने हुनाले यो मोडेललाई आदर्श र व्यवहारिक मोडेल मान्न सकिँदैन । नेपाली छापाले यस्ता आयातित मोडलहरूलाई आलोचनात्मक दृष्टिकोणले हेरी नेपालको परिस्थितिमा ढालेर जनतालाई बुझाउन सक्ने विशेषज्ञता बढाउन जरुरी देखिन्छ ।

### *विश्व एड्स दिवस सन्दर्भ*

प्रत्येक वर्षको डिसेम्बर १ का दिन मनाइने विश्व एड्स दिवसको सन्दर्भमा थुप्रै समाचार, विचार तथा सूचना र प्रतिबद्धता व्यक्त गर्ने लेखहरू प्रकाशित हुने गरेको छ । एचआइभीको मुद्दालाई औपचारिक वा मौसमी समाचारको प्राथमिकतामा राखिएको पुष्टि विश्व एड्स दिवसमा मिडियाको सक्रियताले गर्दछ । एड्स दिवसको अवसरमा मङ्सिर १५, १६ र १७ मा २३ ओटा सामग्रीहरू प्रकाशित भएका छन् भने कात्तिक पूरा महिनामा मात्रै १४ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । *गोरखापत्र*ले मङ्सिर १६ गते प्रकाशित गरेको 'एचआइभी एड्सबाट जोगिन सबै पक्ष गम्भीर हुनुपर्दछ', 'एड्स रोक्ने प्रतिबद्धता पूरा गरौँ', र मङ्सिर १७ गते प्रकाशित 'एड्स विरुद्धको प्रतिबद्धता कार्यान्वयनमा जोड', साथै *कान्तिपुर*ले १५ मङ्सिर २०६३ मा प्रकाशन गरेको 'विश्व एड्स दिवस २००६', र 'एड्स दिवसको अवसरमा संयुक्त प्रतिबद्धता', यस्ता सामग्री हुन् । यी सामग्रीले विश्व एड्स दिवसको उपलक्ष्यमा ऐक्यबद्धता र प्रतिबद्धता देखाएका छन् । सचेत सञ्चार मञ्चको नियमित सञ्चार निगरानीलाई आधार मान्दा एड्स दिवसको सेरोफेरोमा एचआइभी र एड्ससम्बन्धी सामग्रीहरू अरू बेलाभन्दा बढी नै प्रकाशित देखिन्छ । बीचमा एड्स दिवस परेकोले २०६३ कात्तिक र मङ्सिर महिनामा ६३ ओटा सामग्रीहरू प्रकाशित भए पनि लगत्तै २०६३ फागुन र चैत महिनामा भने जम्मा ३६ ओटा मात्र सामग्रीहरू प्रकाशित भएको देखिन्छ (सचेत सञ्चार मञ्च २०६३) । यसरी एड्स दिवसको बेलामा मात्र एचआइभीसम्बन्धी समाचारहरू बढी प्रकाशित हुनुले नेपालको सञ्चार जगतमा एचआइभीको मुद्दामा मौसमी सचेतना देखिन्छ ।

यसमा मिडियाको भूमिका त एउटा पक्ष भयो तर कार्यक्रम गर्नेहरू पनि यही बेलामा नै तात्ने गरेको देखिन्छ । संसारभर विश्व एड्स दिवसको

सन्दर्भमा कार्यक्रमहरू भएको बेलामा नेपालमा काम गरिरहेका विदेशी दाता सङ्घसस्थाहरूलाई पनि यस दिवसमा आफ्नो कामलाई प्रचारप्रसार गर्न आवश्यक हुन्छ । स्थानीय एनजीओहरूले एचआइभी दिवसका लागि बेग्लै बजेट पाउने गर्दछन् । फलस्वरूप एचआइभी दिवसको वरपर बढी काम भएको देखिन्छ । यसका साथै एचआइभी मुद्दाको प्रशस्त सचेतनाको लागि भनेर दिवस परेको समयको एक हप्ता, विश्व एड्स सप्ताहको रूपमा मनाउने चलनले पनि विश्व एड्स दिवसको वरपर बढी कार्यक्रम भएको देखिन्छ । एआइभी एड्सको मुद्दामा नियमित ढङ्गको सचेतनाको अभाव छ । कण्डम दिवस र विश्व एड्स दिवसमा गरिएका गतिविधिहरूले पत्रिकामा निकै स्थान ओगटेका छन् । यी अवसरमा एड्सविरुद्ध जनचेतना ऱ्याली निकाल्ने, प्रधानमन्त्रीलगायत अरू राजनीतिज्ञहरूले भाषण गर्ने, जनचेतना वृद्धि गर्ने, पोस्टर, पम्फ्लेट वितरण गर्ने, निबन्ध, गीत, हाजिरीजवाफ जस्ता प्रतियोगिता सञ्चालन गर्ने, एड्ससम्बन्धी सडक नाटक र टेलिफिल्म प्रदर्शन गर्ने जस्ता विविध कार्यक्रमहरूको आयोजना हुने गरेको देखिन्छ (वन्त २०६०) ।

एड्स दिवसको अवसरमा भएका कार्यक्रमहरूको छापामा उल्लेखनीय किसिमले समाचारहरू आउने भए पनि यस उपलक्ष्यमा व्यक्त भएका प्रतिबद्धताहरू पूरा भए नभएकोतर्फ भने छापाको कुनै ध्यान गएको पाइँदैन । यसपछिका दिनहरूमा फलोअप आवश्यक हुन्थ्यो जुन देखिँदैन ।

## प्रकाशित समाचार सामग्रीका विशेषता

### *गलत भाषाको प्रयोग, हेयभाव र भेदभाव*

मिडियामा प्रयोग गरिने भाषाले नै दिन खोजिएको सन्देशको प्रभावकारिता निर्धारण गर्दछ । तसर्थ भाषा एकातिर त्रुटिरहित, स्पष्ट र सरल हुनुपर्दछ भने अर्कोतिर त्यसले सङ्क्रमितलाई भेदभाव वा हेयभाव व्यक्त गरेको हुनु हुँदैन । भाषाको प्रयोगमा संवेदनशील नभएमा दिन खोजिएको सन्देशलाई ग्रहण गर्ने सम्बन्धमा सर्वसाधारणमा द्विविधा पैदा हुने डर एकातिर हुन्छ भने आफू विभेदको शिकार भएको महसुस सङ्क्रमितले गर्न सक्छन् । हेयभाव, भेदभाव र छापाले प्रयोग गर्ने भाषाको बीचमा गहिरो सम्बन्ध हुन्छ । एचआइभी सङ्क्रमणकै कारण कसैलाई पनि भेदभावको दृष्टिकोणले व्यवहार गर्नु मानवअधिकारको गम्भीर उलङ्घन हो । "हेयभावले शारीरिक पीडा नभए पनि मानसिक पीडा भने गराइरहन्छ" (प्रिया र रेड्डी सन् २००५) । एचआइभीलाई हेर्ने परम्परागत दृष्टिकोण, सङ्क्रमितहरूलाई समाजका अन्य सदस्यहरूले गर्ने व्यवहार र स्वयं

सङ्क्रमितहरूले नै महसुस गर्ने भावनाहरू नै भेदभाव र हेयभावका नमुनाहरू हुन् । छापा वा अन्य सञ्चारको माध्यमबाट एचआइभीको बारेमा जब सन्देशहरू प्रवाह हुन थाल्दछ, त्यसपछि उक्त पाठकसँग पहिलेदेखि नै रहेको मान्यताहरूसँग ठक्कर खान पुग्दछ । विद्यालयमा पाएका अपरिपक्व यौन शिक्षाको कक्षा, समाजमा एचआइभीबारे फैलिएका भ्रमहरू र आफू बाँचेको समाजको सामाजिक सांस्कृतिक मान्यताको पृष्ठभूमिमा एउटा पाठकले एचआइभीको बारेमा धारणा बनाउँदछ । उसले बनाएको यही धारणाअनुसार जब सङ्क्रमितहरूप्रति नकारात्मक प्रतिक्रिया हुन्छ । त्यसपछि भेदभावको संस्कृति सुरु हुन्छ । यदि सकारात्मक धारणा छ भने भेदभाव हट्दै जान्छ । त्यसकारण आम पाठकहरूको सोचाइ निर्माण गर्न छापाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

एचआइभीलाई मृत्युसँग जोडेर भयावह तरिकाले चित्रण गर्ने प्रवृत्ति सङ्क्रमितहरूको हकमा विभेदकारी छ । एचआइभीले निम्त्याउने जटिल कारणहरूको बारेमा छापामा समाचार प्रकाशित हुँदा सङ्क्रमितहरूको मनोसामाजिक अवस्थालाई पनि ध्यान दिन जरुरी हुन्छ । *गोरखापत्र*ले २०६३ मङ्सिर ६ गते प्रकाशित गरेको ‘एचआइभी एड्स रोकथामको लागि कैदीमाझ विभिन्न कार्यक्रम पुर्‍याइने’ भन्ने शीर्षकको समाचारभित्र ‘एचआइभी सङ्क्रमणबाट पीडित’, ‘एचआइभी पीडितहरूमा’ जस्ता भेदभावी भाषाहरूको प्रयोग गरिएको छ । सोही पत्रिकाले २०६३ मङ्सिर २ गते छापेको ‘एचआइभी र एड्स विरुद्ध जापानी सहयोग’ भन्ने समाचारमा ‘एचआइभी एड्स रोगी’ भन्ने शब्दहरू पनि सङ्क्रमितको हकमा विभेदकारी छन् । ‘प्राणघातक रोग’, ‘एड्स पीडित’, ‘एचआइभी पीडित’, ‘एड्सबाट मृत्यु’ जस्ता शब्दहरू जसले सङ्क्रमितहरूमा हेयभाव उत्पन्न गराउँछ, *गोरखापत्र*ले दुई महिनाको अवधिमा प्रकाशित गरेको धेरै समाचारहरूमा भेटिएका छन् । यस्ता शब्दको प्रयोगले एचआइभीको सङ्क्रमण मात्र भएकाहरूमा ‘एड्स’ शब्दको प्रयोगले मृत्यु प्रतिको डरलाई बढाइरहन्छ भन्ने सङ्क्रमितहरूको मनोसामाजिक पक्षलाई बेवास्ता गरेको छ ।

२०६३ मङ्सिर १५ गते *हिमालय टाइम्स*ले प्रकाशित गरेको ‘एचआइभी एड्स र कानून’ भन्ने लेखमा “एचआइभी र एड्स जस्तो श्रापले यस संसारमा...” भन्ने वाक्य परेको छ । एचआइभी सङ्क्रमण हुनुलाई ‘श्राप’ को संज्ञा दिँदा त्यसले सङ्क्रमित व्यक्तिले महसुस गर्ने हेयभावप्रति लेखक र सम्पादक दुवै संवेदनशील हुन नसकेको प्रस्ट हुन्छ । *द राइजिङ नेपाल*ले २०६३ मङ्सिर ७ मा प्रकाशित ‘१९ प्रतिशत एचआइभी सङ्क्रमित महिलाहरू गृहणी’ भन्ने समाचारमा एचआइभी सूचना तथा स्रोत केन्द्रका निर्देशक डा. पुष्प भट्टलाई उद्धृत गर्दै,

"अधिकांश प्रवासी कामदारहरूको अस्थायी यौनसाथी हुन्छन् र उनीहरू घर फर्कंदा एचआइभीको भाइरस लिएर फर्कन्छन्" भनिएको छ। यसले सम्पूर्ण प्रवासी कामदारहरूलाई नै लाञ्छना लगाउन खोजेको आभाष हुन्छ। अवना वन्तको शब्दमा भन्नुपर्दा "सनसनीपूर्ण शीर्षकहरूको प्रयोग गरेर पत्रिकाहरूले एचआइभी/एड्सप्रति सार्वजनिक भय र त्रास सिर्जना गर्न खोजेको देखिन्छ" (वन्त २०६०: १५५-१५६)। *कान्तिपुर*ले २०६३ मङ्सिर ६ मा प्रकाशित गरेको 'एचआइभी सङ्क्रमितको सङ्ख्यामा वृद्धि' भन्ने समाचारमा 'एड्स सङ्क्रमित', 'एचआइभी एड्स रोग बोकेर' भन्ने जस्ता शब्दहरू प्रयोग हुनुले सम्बन्धित संवाददातामा भाषाको प्रयोगमा द्विविधा छ भन्न सकिन्छ।

विषयवस्तु र प्राविधिक शब्दावलीको ज्ञानको अभावका कारण पनि छापामा त्रुटिले ठाउँ पाएको छ। *द राइजिङ नेपाल*ले २०६३ कात्तिक १४ मा प्रकाशन गरेको सम्पादकीयमा 'सीडीफोर भनेको खतरनाक एचआइभी भाइरसलाई रोक्ने रक्त कोष हो' भन्ने उल्लेख छ। एक त एचआइभी लेखेपछि भाइरस लेख्नु भाषिक दृष्टिकोणले त्रुटिपूर्ण हुन्छ। अर्को 'खतरनाक' भनेर चित्रण गर्नु आपत्तिपूर्ण हो भन्ने मान्यता छ। *गोरखापत्र*ले २०६३ कात्तिक १३ गते र *हिमालय टाइम्स*ले कात्तिक ११ गते राष्ट्रिय समाचार समितिबाट साभार गरेर छापेको 'एचआइभी सङ्क्रमितहरू एचआइभी विरुद्धको अभियानमा खुलेर लाग्न थाले' र 'एचआइभी सङ्क्रमितहरू नै अग्रसर' भन्ने एउटै समाचारमा 'सङ्क्रमितहरूले एन्टिरेक्ट्रो भाइरस (एन्टिरेट्रो भाइरल हुनुपर्ने) नामको औषधी प्रयोग गर्दै आइरहेको' लेखेका छन्। त्यस्तै *गोरखापत्र*ले २०६३ मङ्सिर १८ मा प्रकाशित गरेको 'एड्सबाट सुनसरीमा पच्चीसको मृत्यु' भन्ने समाचारमा 'सिडीकाउन्ट मिशिन जडान गरी एन्टीरेक्ट्रो भाइरल उपलब्ध गराउने' भन्ने लेखिएको छ। 'सिडिफोर काउन्ट[१४] गरी एन्टीरेट्रो भाइरल उपलब्ध गराउने' हुनुपर्नेमा भाषिक अशुद्धता र गलत किसिमले समाचार लेख्नुले संवाददातामा विषयवस्तु प्रतिको जानकारी कम छ भन्ने अर्थ लाग्दछ। साथै सम्पादन पक्ष पनि गलत शब्दको प्रयोगमा सचेत नभएको देखिन्छ।

एचआइभीको क्षेत्रमा काम गर्ने उच्च पदस्थ व्यक्तिहरूमा पनि भाषिक संवेदनशीलता पूर्ण नभइसकेको अवस्थामा मिडियाले आफ्नो भूमिकालाई अझै

---

[१४] सङ्क्रमितहरूलाई एआरभीको आवश्यकता पर्नको लागि शरीरमा भएको सीडीफोर सेलहरू २०० प्रति घनमिलिमिटरभन्दा तल गएको अवस्था हुनुपर्दछ। यही सेलको सङ्ख्या मापन गर्ने प्रविधिलाई सिडिफोर काउन्ट भनिन्छ।

सशक्त बनाउनुपर्ने देखिन्छ । कतिपय अवस्थामा समाचारको उद्देश्य र नियत सही हुँदाहुँदै पनि भाषागत त्रुटिले समस्यामा रहेकाहरूलाई सहयोगभन्दा थप तनाव दिन सक्दछ । जस्तोः २०६३ साल मङ्सिर १८ गते *कान्तिपुर*ले प्रकाशित गरेको 'एड्सले पतिको मृत्युपछि अपहेलना' भन्ने समाचारमा 'एड्सले गलेर', 'एड्स बोकेर', 'एड्सले सयौँको मृत्यु' , 'एड्स प्रभावित जिल्ला', जस्ता वाक्यांशहरूको प्रयोग गरिएको छ । *हिमालय टाइम्स*ले २०६३ मङ्सिर २ मा प्रकाशित गरेको 'एड्सले भताभुङ्ग पारेको जिन्दगी' भन्ने समाचारमा 'एड्सको रोगीलाई', 'एड्स रोगीको शव' भन्ने जस्ता विभेदकारी वाक्यांशहरूको प्रयोगबाट संवाददाताले संवेदनशील मुद्दा उठाउँदा उठाउँदै पनि यसले नकारात्मक मनोविज्ञानको जन्म दिन्छ । *अन्नपूर्ण पोष्ट*ले २०६३ मङ्सिर १४ मा प्रकाशित गरेको एचआइभीसम्बन्धी समाचारको शीर्षकमा 'एचआइभी सङ्क्रमित' लेखे पुग्नेमा 'एचआइभी एड्स सङ्क्रमित' लेखिएको छ । *द हिमालयन टाइम्स*ले 'पुरुष समलिङ्गीहरूमा एड्सको बढ्दो प्रमाण' भन्ने शीर्षकमा २०६३ मङ्सिर ७ मा समाचार छापेको छ । एड्सको भन्दा पनि एचआइभीको प्रमाण लेखेको भए बढी वैज्ञानिक र भाषिक हिसाबले सही मान्न सकिन्थ्यो ।

कण्डम प्रयोगसम्बन्धी एक सन्देशमूलक विज्ञापन सम्बन्धमा अमेरिकास्थित समर इन्स्टिच्यूट अफ लिङ्ग्विस्टिकका चिकित्सा मानवशास्त्री डा. डेभ वायन भन्नुहुन्छः

> कण्डम लगाउँ एड्स भगाउँ भन्ने विज्ञापन जब सञ्चारमाध्यमबाट प्रस्तुत हुन्छ, तब सुदूर पश्चिमकी एक महिला जसलाई नेपाली भाषामा नै सहज महसुस हुँदैन अनि अङ्ग्रेजी भाषा पनि ठम्याउन सक्दिनन्, तिनले भन्ठान्छिन् कि, कण्डम भनेको मकै खाएर दुःख दिने बाँदर हो र एड्स भनेको त्यो लुगा हो जसले बाँदर भगाउन सहयोग गर्दछ । त्यसैले एउटै भाषा, एउटै सञ्चारको माध्यम र विधिहरूले एचआइभीसम्बन्धी सचेतना राम्रोसँग फैलाउन नसक्ने हुन्छ ।"[१५]

यसै सन्दर्भमा अवना वन्त लेख्नुहुन्छ, "गरीब र अन्य पिछडिएका जातिहरूको, महिलाहरूको मिडियामाथि पहुँच हुँदैन र भए पनि अशिक्षा वा भाषिक कठिनाइको कारण तिनीहरूले मिडियामा सन्देशहरू नबुझ्न पनि सक्छन् । त्यसैले मिडियाले

---

[१५] मार्टिन चौतारीमा २०६३ माघ १४ मा भएको 'इटिङ एड्स इन नेपालः द नेपाली इलनेस एण्ड इम्प्लिकेशन्स फर एचआइभी/एड्स प्रिभेन्सन मेसेजज् (एन एन्थ्रोपोलोजिस्ट्स् पर्सपेक्टिभ)' विषयक छलफलका क्रममा व्यक्त भनाइ ।

सबै वर्ग र समूहलाई एकै कसिमको सन्देश वा सूचना सम्प्रेषण गर्नुको सट्टा वर्ग-विशिष्ट सन्देशहरूको विकास र सम्प्रेषण गर्नुपर्दछ" (वन्त २०६०: १७३)। भारतको राष्ट्रिय एड्स तथा यौन नियन्त्रण केन्द्रले सञ्चालन गरेको हेल्दी हाइवे प्रोजेक्टमा राजमार्गको ट्रक चालकहरूलाई सुसूचित गर्न सजिलो होस् भन्ने हेतुले ब्रेकविना सवारी चलाउनु र कण्डमविना यौन सम्पर्क गर्नु एकै हो भन्ने सन्देशको राजमार्गमा प्रचारप्रसार गरेको देखिन्छ (मथुर सन् २००५)। यसले के देखाउँछ भने स्थानीय भाषामा सन्देश प्रवाह गर्नु एउटा उपाय हो भने फरक समुदायका मानिसलाई फरक सूचनाको शैली बढी प्रभावकारी हुन सक्दछ।

सञ्चार सक्रियताबाट समाजमा बढ्दै जाने सचेतना र जागरणले एचआइभीसँग जोडिएको भय र डरलाई सहज तरिकाले बुझ्न सहयोग पुऱ्याउँछ। पत्रकार, सम्पादक तथा बिट रिपोर्टरहरूलाई एचआइभी र एड्सलाई छापामा प्रस्तुत गर्ने भाषाबारे सचेत सञ्चार मञ्चले अनुशिक्षण तथा अन्तर्क्रिया गर्दै आएको छ। यसका साथै मञ्चले विभिन्न चरण गरेर राजधानी तथा राजधानी बाहिरका बिट रिपोर्टर तथा डेस्क सम्पादकहरूलाई तालिम दिँदै आएको छ। यस्तो तालिमको उपलब्धिबारे त्यस्तो अध्ययन त भइहालेको छैन तर बेलाबेलामा गरिँदै आएको सञ्चार निगरानीका आधारमा भन्ने हो भने एउटा तहमा भाषाप्रति संवेदनशीलता देखिएको केही आभाष पाइन्छ। तापनि अपेक्षाकृत उपलब्धिहरू प्राप्त हुन सकेको छैन र त्यस्ता त्रुटिहरू पटकपटक दोहोरिएका छन्। *एचआइभी पोष्ट*का शिवु गिरीको धारणा छ, "दुई तीन वर्ष यता एचआइभीको मुद्दा उठाउनका लागि छापामाध्यमहरूले सन्तोषजनक भूमिका खेलेको महसुस हुन्छ। एकपटक प्रशिक्षित भइसकेका रिपोर्टरहरूको बिट परिवर्तन हुने कारणले गर्दा भाषाको समस्या भने देखा परिरहेको छ।"[१६]

### *छापा र स्रोतको खुलासा*

पत्रकारितामा स्रोतको उल्लेखबाट समाचारको विश्वसनीयतामा ठूलो प्रभाव पार्दछ। एचआइभी र एड्स सम्बन्धित थुप्रै समाचारहरूमा सम्बन्धित कार्यक्रमका वक्ता, विशेषज्ञ र सामाजिक कार्यकर्ता र सम्बन्धित कार्यक्रमका संयोजकलाई स्रोतको रूपमा उद्धृत गरिएको छ। यसको साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूलाई पनि स्रोतको रूपमा उल्लेख गरिएको छ। अधिकांश समाचारहरूमा स्रोतको उल्लेख गर्ने भए पनि वस्तुपरक र विश्वसनीय स्रोत

---

[१६] नवकिरण प्लसका शिवु गिरीसँग २००७ डिसेम्बर ११ मा गरिएको टेलिफोन कुराकानीमा आधारित।

उल्लेख गर्ने चलन अझै देखिएको छैन । केही रिपोर्टरहरूले स्रोतको खुलासालाई उच्च प्राथमिकता पनि नदिएको देखिन्छ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले गरेको औपचारिक कार्यक्रम बारेका समाचार पत्रिकामा धेरै छन् । ती समाचारहरू खोजमूलक नभई कार्यक्रममा कसले के कुरा भने भन्ने खालका छन् । साथै सामाजिक जनचेतनाका क्षेत्रमा भइरहेका कार्यक्रमहरूका कारण समाजमा देखा परेका परिवर्तन र कस्ता कार्यक्रमहरू जातीय विभेद र छुवाछूत अन्त्यको लागि प्रभावकारी हुन्छन् भन्ने सवालमा समाचारहरू आउनसके त्यसैले अन्य क्षेत्रमा पनि जनचेतनायुक्त कार्यक्रमहरू गर्नको लागि उत्साह थपिदिन सक्छ (विश्वकर्मा २०६३: १२१) ।

*गोरखापत्र*ले २०६३ कात्तिक २२ मा छापेको 'एड्सविरुद्ध अभियानमा हाइवे क्वीन जुट्न थाले' भन्ने शीर्षकमा छापेको समाचारमा स्रोतको रूपमा 'एक अध्ययन' भनिएको छ । साथै सोही समाचारमा 'उनीहरू अहिले ग्राहकसँग विना कन्डम शारीरिक सम्पर्क गर्दैनन्', भन्ने वाक्यमा संवाददाताको एकोहोरो भनाइ राखिएको, कसैलाई पनि उद्धृत नगरिएकोले र अन्य भनाइहरूमा पनि सुरक्षाको लागि नाम परिवर्तन गरेकोले वस्तुगत पत्रकारिताको मूल्य विपरीत छ । नाम परिवर्तन गर्नु पत्रकारिताको आचरण हो तर यस्तो अधिक अभ्यासले गर्दा अपुष्ट समाचार सम्प्रेषण गर्न पनि पत्रकारलाई उत्साहित तुल्याउँछ । यस्तो किसिमले अमूर्त भाषाहरूको लेखनले पत्रकारिताको विश्वसनीयता घटाउने गर्दछ । *नेपाल समाचारपत्र*ले २०६३ कात्तिक २ मा छापेको 'एचआइभी सङ्क्रमितको अभियानमा जोन' भन्ने शीर्षकको समाचारमा कुनै पनि स्रोत खुलाएको छैन । केवल भारतीय सिने जगतका नायकको नाङ्गो तस्वीर छाप्नकै लागि एचआइभीको समाचार प्रकाशित गरेको प्रतित हुने उक्त सन्देशमा बाइलाइन पनि नभएको र स्रोत पनि खुलेको छैन । विषयवस्तुलाई हलुका रूपमा प्रस्तुत गर्दा त्यसको गुरुत्व घट्दछ भन्नेतर्फ पनि मिडिया सचेत हुन नसकेको देखिन्छ ।

*हिमालय टाइम्सले सञ्चारिका लेखमाला*बाट साभार गरेर प्रकाशित गरेको 'एड्सले भताभुङ्ग पारेको जिन्दगी' भन्ने समाचारमा "एड्सजन्य रोगका कारण मृत्यु भएकाहरूको शव जलाउँदा किटाणु नमर्ने" भन्ने भनाइमा कुनै स्रोत दिइएको छैन (जोशी २०६३) । कसैलाई उद्धृत नगरिएको यो तथ्य हलुका छ । *हिमालय टाइम्स*मा प्रकाशित 'सङ्क्रमितहरूको सङ्ख्यामा वृद्धि' भन्ने समाचारमा "एचआइभी एड्स बोकेर हिँड्ने बहुसङ्ख्यक युवायुवतीहरू रुसी महासङ्घ र युक्रेनमा मात्र छन्, जुन सङ्ख्या नब्बे प्रतिशत छ" भन्ने लेखिएको छ (हिमालय टाइम्स २०६३) । संसारभरिका युवायुवतीको ९० प्रतिशत वा रुसी महासङ्घको जम्मा युवायुवतीको ९० प्रतिशत के

भन्न खोजिएको हो समाचारमा भनिएको तथ्यमा स्पष्टता छैन । *राजधानी दैनिक*ले छापेको 'विश्वमा झण्डै चार करोड मानिस एचआइभी सङ्क्रमित' भन्ने समाचारको आठौँ हरफमा "केही मुलुकहरूमा ओखतिको राम्रो पहुँचले गर्दा सङ्क्रमित व्यक्तिहरूको आयु लम्बिएको छ" भन्ने उल्लेख छ (राजधानी २०६३) । कुन मुलुक र कुन ओखतिको प्रभावले र कहाँ गरिएको कुन अनुसन्धानले प्रमाणित गरेको भन्ने केही पनि नखुलाई केवल पेज भर्नको लागि लेखिएको प्रतित हुने यस्तो किसिमको समाचारले सङ्क्रमितहरूलाई झुठो आशा जगाउँछ । हाल चलिरहेको एआरभी र हाइली एक्टिभ रेट्रोभाइरल थेरापीकै कारण आयु लम्बिएको हो भने छापाले यससम्बन्धी अनुसन्धानमूलक र खोजमूलक सामग्री सम्प्रेषणमा जोड दिन जरुरी छ ।

***फलोअपको संस्कृति***

एचआइभी र एड्सका बारेमा सञ्चारकर्मीहरूलाई बारम्बार सुसूचित गर्ने र घच्घच्याउने गरिरहँदा तथ्यहीन समाचार वा प्रसङ्गहरू सञ्चारमाध्यममार्फत सर्वसाधारणसम्म पुग्नु अगावै रोकिन्छन् र गलत सूचनाबाट सिर्जना हुने नकारात्मक असरले ठाउँ पाउँदैन । २०६३ साल मङ्सिर १८ मा दिपायलबाट *कान्तिपुर*को लागि रिपोर्टिङ भएको 'एड्सले पतिको मृत्युपछि अवहेलना' भन्ने शीर्षकमा छापिएको समाचारमा एचआइभी सङ्क्रमित श्रीमानहरूको मृत्युपछि उनीहरूका श्रीमती र बालबालिकाको जीवन कष्टकर हुँदै गएको समाचार प्रकाशित छ । साथै, मीन वमले डोटीबाट *द हिमालयन टाइम्स*को लागि रिपोर्टिङ गर्नुभएको 'एचआइभी एड्सले टुहुरा बनाएको सहाराविहीन बालबालिका' भन्ने समाचार पनि अघिल्लो समाचारमा जस्तै एचआइभी सङ्क्रमित आमाबाबुको एड्सजन्य रोगबाट मृत्यु भएपछि बालबालिकाहरूले भोगिरहेको असहज स्थितिको बारेमा उल्लेख छ । तर यी दुवै समाचारहरूको फलोअप भने भएको छैन र समाचार लेखनको अवधिमा कष्टकर जीवन बिताइरहेका बालबालिका र एड्सजन्य रोगको कारण मृत्यु भएका एचआइभी सङ्क्रमितहरूका श्रीमतीहरूको बारेमा त्यसपछिको समय कसरी बितिरहेछ भन्ने तथ्यप्रति मिडियाको चासो नरहेको देखिन्छ ।

*हिमालय टाइम्स*ले २०६३ कात्तिक १३ गते प्रकाशित गरेको 'एड्स न्यूनीकरणको लागि राज्य गम्भीर' भन्ने समाचारमा डा. श्यामसुन्दर मिश्रको भनाइ उद्धृत गर्दै गरिबी, अशिक्षा, बसाइँसराइ जस्ता विविध कारणबाट एड्स तथा यौनरोगको समस्या देखिरहेको उल्लेख गर्दै समस्या निराकरणको लागि बाह्रबुँदे निरोधात्मक एवं निदानात्मक रणनीति सञ्चालन भइरहेको जानकारी दिनुभयो भन्ने उल्लेख छ । तर उक्त रणनीतिको ज्ञान तथा व्यवहार र कार्यान्वयन बीचको अन्तरबारे

छापाले प्रश्न उठाउन नसकेको देखिन्छ । *हिमालय टाइम्स*ले २०६३ मङ्सिर २ मा सञ्चारिका लेखमालाबाट साभार गरेर प्रकाशित गरेको 'एड्सले भताभुङ्ग पारेको जिन्दगी' मा अछामकी एक महिलाले लोग्नेको कारण एचआइभी सङ्क्रमित भएपछि आफ्नो तीन जना बालबच्चासहित मट्टीतेल खन्याएर आत्मदाहको प्रयास गरेको तर छिमेकीको सक्रियताको कारण ज्यान जोगिएको लेखिएको छ । तर त्यसपछिको दिनचर्याबारे छापाले केही पनि चासो नदिएको देखिन्छ । एकपटक आत्मदाहको प्रयास गरिसकेपछिको जीवन कसरी बित्दैछ भन्ने छापाको चासो बन्नुपर्ने हो । साथै सोही समाचारमा अर्की एक महिला पाठेघरको समस्या लिएर नेपालगञ्ज मेडिकल कलेजमा गएको तर एचआइभी सङ्क्रमित भएको कारण चिकित्सकहरूले शल्यक्रिया हुन नसक्ने बताएपछि घर फर्केको समाचार छ । एचआइभी सङ्क्रमित भएकै कारण किन चिकित्सकहरू पन्छिए र ती सङ्क्रमित महिला घर फर्केपछिको स्थिति के भयो भन्नेबारे छापाले थप चासो नदिइएको देखिन्छ ।

*अन्नपूर्ण पोष्ट*ले २०६३ मा प्रकाशित गरेको 'एचआइभी नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त' भन्ने समाचारमा राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रका तत्कालीन कायममुकायम निर्देशक डा. राजेन्द्र पन्तले एचआइभी सङ्क्रमण तथा लागुपदार्थ नियन्त्रणका लागि कतिपय कानून वाधक रहेको र त्यस कानून पालना गर्न खोज्दा आफूहरूको काममा कठिनाइ परेको जानकारी दिनुभयो । तर छापाले डा. पन्तले भन्नुभएको अप्ठ्यारो कानून के हो र कस्ता कठिनाइ छन् भन्नेबारे चाहिँ खोजी नगरेको देखिन्छ । यस स्थितिमा नेपाली छापाले विश्वसनीय ढङ्गले आफूलाई प्रस्तुत गर्न निकै कसरत गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

लगभग दुई महिनाको अवधिमा सबै राष्ट्रिय दैनिकहरूमा आएको समाचारलाई विश्लेषण गर्दा एचआइभीको मुद्दामा विचार र विश्लेषणभन्दा पनि समाचार र सूचनामूलक सामग्रीहरू बढी प्रकाशित भएका छन् । दैनिक पत्रिकाको प्रकृतिअनुसार यस्तो हुनु अस्वभाविक पनि होइन । एचआइभी र एड्सको मुद्दासँग जोडिएका अर्थराजनीतिक पाटाहरूमा अत्यन्त न्यून समाचारहरू प्रकाशित छन् । विषयवस्तुको गम्भीरतालाई कम मूल्याङ्कन गरिएको छ । समाचारहरू प्रकाशित भइसकेपछि त्यसबाट सिर्जना भएका सकारात्मक र नकारात्मक प्रभावहरूको मूल्याङ्कन गरिएको छैन केवल एड्स दिवसको उपलक्ष्यमा औपचारिकताको लागि विचार स्तम्भहरू, सम्पादकीय र प्रतिबद्धता व्यक्त गरिएका सामग्रीहरू प्रकाशित हुनुले नेपालमा एचआइभीको मुद्दाले अझै पनि उचित मात्रामा प्राथमिकता पाउन नसकेको देखिन्छ ।

छापा र एचआइभी/एड्सको सम्बन्धलाई अवना वन्त (२०६०) ले उठाउनुभएको सवालहरूमध्ये भाषा र मुद्दाको उठानमा केही भिन्नता देखिए पनि समग्र रूपमा हेर्दा एचआइभी रिपोर्टिङ सहरमुखी, एनजीओमुखी र कोठे कार्यक्रममुखी हुँदै गएको देखिन्छ। वन्तले पाँच वर्षअघि उठाउनुभएको चासो र सुझावअनुसार नेपाली छापामाध्यमहरूले आफूलाई सशक्त ढङ्गले परिवर्तन गर्न नसकेको कुरा यो अध्ययनले देखाएको छ। यसको मतलव हो स्वदेश तथा विदेशमा भएका अध्ययन अनुसन्धानको नतिजा र त्यहाँ औंल्याइएका कमी कमजोरी प्रति नेपाली मिडियाले ध्यान दिएको छैन।

राज्यको सकारात्मक रूपान्तरणसँगै तर्जुमा हुने स्वास्थ्य व्यवस्थामा एचआइभीको मुद्दाले सही न्याय पाउनु पर्दछ। यस सन्दर्भमा राज्यको चौथो अङ्ग भएको नाताले सञ्चार जगतको दरिलो सहयोग आवश्यक हुन्छ। यसका लागि राज्यले अवलम्बन गर्ने सामाजिक सुरक्षाको प्रत्याभूति, नीति तथा योजनाहरू स्वास्थ्यकर्मी तथा तालिमको चरित्र, अनुगमन तथा अनुसन्धानका पक्षहरू महत्त्वपूर्ण हुन्छन्। एचआइभीको मुद्दाले न्याय पाउनको लागि देशमा विद्यमान स्वास्थ्य व्यवस्थाको महत्त्वपूर्ण योगदान हुन्छ। स्वास्थ्य व्यवस्था र सञ्चार जगत बीचको हातेमालोको आधारमा स्वास्थ्यसम्बन्धी मुद्दाले सही उचाइ समात्नको लागि सहयोग पुऱ्याउँछ। यसका लागि राज्यको चरित्र, यसले जनतालाई उपलब्ध गराउने लोककल्याणकारी सुविधा र राज्यको ढाँचाअनुसार निर्माण हुने स्वास्थ्य व्यवस्थाको प्रकृति महत्त्वपूर्ण हुन्छ।

## सन्दर्भ सामग्री

कोइराला, सुशील। २०६४। नेपाली मिडियामा स्वास्थ्य। *मिडिया अध्ययन २:* १८१-१९४।

घिमिरे, सचिन। २०६३। मौन छन् स्वास्थ्य पाठ्यक्रमहरू। *अभियान* २(४): ३६-३८।

जोशी, भावना। २०६३। एड्सले भताभुङ्ग पारेको जिन्दगी। *हिमालय टाइम्स,* २ मङ्सिर, पृ. ५।

धिताल, सरोज। २०६३। जनआन्दोलन, लोकतन्त्र र स्वास्थ्य। *नागरिकको पहलमा नयाँ नेपाल*। नेत्र आचार्य, सं., पृ. २०३-२११। काठमाडौं: शान्तिका लागि साझा अभियान, नेपाल दक्षिण एसिया केन्द्र, मार्टिन चौतारी र सामुदायिक विकास सङ्गठन।

नेपाल प्रेस इन्स्टिच्यूट, यूएसएआईडी/नेपाल र पोलिसी प्रोजेक्ट/नेपाल। २०६२। *मिडिया सहयोगी पुस्तिका (एचआइभी/एड्स रिपोर्टिङ्गका लागि)*। काठमाडौं: नेपाल प्रेस इन्स्टिच्यूट, यूएसएआईडी/नेपाल र पोलिसी प्रोजेक्ट/नेपाल।

राजधानी । २०६३ । विश्वमा भण्डै चार करोड मानिस एचआइभी सङ्क्रमित । *राजधानी,* ६ मङ्सिर, पृ. ५ ।

रेग्मी, निमेष । २०६३ । साढे चार अर्बको योजना अस्वीकृत । *नेपाल समाचारपत्र,* २९ कात्तिक, पृ. १/७ ।

वन्त, अवना । २०६० । एचआइभी/एड्सबारेका छापा-सामग्री विषयवस्तु विश्लेषण । *मिडियाको चिरफार: केही सामाजिक सन्दर्भ* । प्रत्यूष वन्त र रमेश पराजुली, सं., पृ. १५३-१७८ । काठमाडौँ: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

वन्त, शरद । २०६२ । जनस्वास्थ्य र राज्य । *स्वास्थ्य, समाज र राजनीति* । भास्कर गौतम र अनिल भट्टराई, सं., पृ. १-३५ । काठमाडौँ: मार्टिन चौतारी ।

विश्वकर्मा, जे.वी. । २०६३ । दलित सवाल र नेपाली छापा सञ्चारमाध्यम । *मिडिया अध्ययन १:* ११५-१४२ ।

शर्मा, केदार, सं. । २०५५ । *एड्सका बारेमा लेख्ता...* । काठमाडौँ: पानस इन्स्टिच्यूट दक्षिण एसिया ।

सचेत सञ्चार मञ्च । २०६३ । नियमित सञ्चार निगरानी । अप्रकाशित, सचेत सञ्चार मञ्च, काठमाडौँ ।

हिमालय टाइम्स । २०६३ । एड्स सङ्क्रमितको सङ्ख्यामा वृद्धि । *हिमालय टाइम्स,* ७ मङ्सिर, पृ. ५ ।

Amatya, Shirisha. 2005. Gender and HIV/AIDS in Nepal: Some Observations. *Indian Anthropologist* 35(1/2): 139-152.

Mathur, Nita. 2005. Anthropology and the Crisis of AIDS: Competiting Perspectives. *Indian Anthropologist* 35 (1/2): 33-44.

Pigg, Stacy Leigh. 2002. The Politics of Development and the Politics of Health Contradiction of Aids Prevention in Nepal. Paper presented at the workshop on 'Social Concerns and Strategies for Aids Control in India' organized by Centre for the Study of Developing Societies and Centre for Social Medicine and Community Health, JNU, New Delhi, 18-20 January.

Priya, Ritu and Sunita Reddy. 2005. "Understanding Cultural Resources for AIDS Control: An Interdisciplinary Approach. *Indian Anthropologist* 35(1/2): 15-32.

Rana, Bandana, coordinator. 2004. *Analysis of Reporting on HIV/AIDS in Nepal*. Kathmandu: Sancharika Samuha Nepal, National Centre for AIDS and STD Control (NCASC), and Policy Project Nepal.




## चौतारी पुस्तक शृङ्खला- ३७

नेपाली मिडियाको गुणस्तर सुधार्न र प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्नका निम्ति बहस र संवाद सर्वोपरि आवश्यक हुन्छ । पत्रकारितामा देखिएका कमीकमजोरीलाई निराकरण गर्न पनि यस्तो अभ्यास उत्तिकै जरुरी हुन्छ । यिनै तथ्यलाई ध्यानमा राखेर नेपाली मिडियामा सक्रिय व्यक्तिहरूसँगको अन्तर्वार्ताको यो सँगालो– ***मिडिया संवाद : नेपाली पत्रकारिताबारे अन्तर्वार्ता*** को प्रकाशन गरिएको हो । यस पुस्तकमा छापा माध्यम, प्रसारण माध्यम, क्षेत्रीय मिडिया, पत्रकारिता प्रशिक्षण र पत्रकारका संस्था गरी पाँच विषयमा १५ जनासँग गरिएका अन्तर्वार्ता समेटिएको छ । अन्तर्वार्ता दिनेहरू हुनुहुन्छ– युवराज घिमिरे, नारायण वाग्ले, कनकमणि दीक्षित, बबिता बस्नेत, ओम शर्मा, विकास रौनियार, रघु मैनाली, गोपाल गुरागाईं, आरती चटौत, किशोरकुमार कार्की, चन्द्रकिशोर, रामकृष्ण रेग्मी, पी खरेल, विष्णु निष्ठुरी र राजेन्द्र दाहाल । नेपाली मिडियाका विभिन्न आयामहरू खोतल्न सफल यो पुस्तक पत्रकारिताका विद्यार्थी, अध्येता, पत्रकार लगायत मिडियामा रुचि हुने सबैका निम्ति उपयोगी छ ।